एमाले अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदन | पृष्ठ ३ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २२१ • २०८१ साल पुस २२ गते सोमबार (6 January, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## संविधान खारेज हुनुपर्छ :अध्यक्ष साह

**टुडे समाचारदाता**

काठमाण्डु । संविधानसंशोधनकोविषयमा राष्ट्र्व्यापी बहस चलिरहेको बेला आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले संविधान खारेज हुनुपर्ने माग गरेका छन् ।



सिंहदरबारस्थित आजपा दलको कार्यालयमा आइतवार सञ्चारकर्मीसँगको कुराकानीमा उनले भने, कार्यान्वयन नै नगरिकन संशोधनको कुरा गर्नु गलत हो । संविधान संशोधन नभइ अब खारेज नै गर्नुपर्छ ।

'प्रहरी ऐन अलपत्र छ, निजामती ऐन बेवारिसे छ ' उनले भने, 'संविधान कार्यान्वयन सम्बन्धी कानुन सरकारले ल्याउन न चाहेपछि संविधानको औचित्य समाप्त भएकोछ ।

'संविधान अनुरूपको सामाजिक न्याय प्रदान गर्ने शिक्षा र स्वास्थ्य ऐन अलपत्र छ,' साहले भने, 'संविधानमा भएका मौलिक हकहरु कार्यान्वयन गर्ने कुनै कानुन नै सरकारले बनाएनन् । यसरी सरकारलाईसंविधान कार्यान्वयनमा कुनै चासो नै छैन ।'

संविधान निर्माण पनि कांग्रेस र एमालेको गठबन्धन सरकारले गरेको उल्लेख गर्दै उनले भने 'संविधान नै कार्यान्वयन नगरीकन उही पार्टी र नेताहरूले संशोधनको कुरा गर्नु भनेको अपराध हो ।'

मुलुक र जनताको अवस्था परिवर्तन वर्तमान व्यवस्थाबाट नहुने ठोकुवा गर्दै अध्यक्ष साहले यस्तो 'खिचडी व्यवस्था' खारेज गर्नुको विकल्प नभएको बताए । दलाल दलतन्त्र, लुटतन्त्रले आम नागरिक निराश भएको बताउँदै उनले यो व्यवस्था खारेज गरेर आम जनताको शासन हुने व्यवस्था ल्याउनुपर्नेमा जोड दिए ।

संविधान जारी भएको संविधान सभा बैठकलाई साहले वहिष्कार गरेका थिए ।त्यस बखत उनी नेकपा माओवादीबाट सभासद थिए ।

### मधेश विश्वविद्यालयमा युवती काण्ड

# प्रदेश सरकारले छानबिन गर्ने,अनियमितताको चाँग

**अनिल तिवारी**

वीरगञ्ज ।मधेश विश्वविद्यालय वीरगञ्जमा भएको अनियमितताको छानबिन गर्न मुख्यमन्त्री सतीश कुमार सिंहले छानबिन गर्ने बताइरहेकै बेला फरक प्रकृतिको युवती काण्ड सार्वजनिक भएको छ ।

विश्वविद्यालयका रजिष्ट्रार विजय यादवको एकजना युवतीसितको अन्तरंग तस्बीर बाहिरिएको छ ।विश्वविद्यालयमा कर्मचारी रहेको बताइएको युवती र रजिष्ट्रारकी पत्नीबीच भएको इलेक्ट्रोनिक संवाद (च्याट) जनकपुर टुडेलाई प्राप्त भएको छ ।

च्याटमा युवतीले महिलालाई पति अब कुनै हालतमा नफर्किने धम्की दिएकी छन् ।उनले अनेक प्रकारको धम्कीदिदै आफ्नो सम्बन्धबारे ठोकुवा गरेकी छन् ।युवतीको नियुक्ति पनि गैरकानुनी रुपमा नै भएको बताइन्छ ।राजनीतिक परिवारसित जोडिएकी युवतीको नियुक्ति भएदेखि नै रजिष्ट्रारले अवैध सम्बन्ध बनाएको स्रोतहरुले जनाएका छन् ।

दुबैबीचको सम्बन्ध विश्वविद्यालयमा चर्चाको विषय बनेको छ ।केही कर्मचारीहरुले विश्वविद्यालयको वातावरण दूषित बनेको बताएका छन् ।कर्मचारी र रजिष्ट्रारबीचको सम्बन्धले विश्वविद्यालयको पवित्रतालाई धुमिल्याएको उनीहरुको कथन छ ।

उपकुलपति डा.दीपक शाक्यले आफ्नै वीरगञ्ज कलेजमा कार्यरत यादवलाई रजिष्ट्रारमा नियुक्त गराएका थिए ।विश्वविद्यालयमा उपकुलपति शाक्य र रजिष्ट्रार एउटा संस्थासित आबद्ध भएकाले अनेकौ अनियमिततालाई ढाकछोप गरिएको आरोप लाग्दै आएको छ ।




घरमा श्रीमती सहितको परिवार रहेको बेला अविवाहित युवतीसितको 'रिलेशनसिप'ले रजिष्ट्रारको पारिवारिक स्थिति तनावपूर्ण बनेको छ ।च्याटमा युवती र रजिष्ट्रारकी पत्नीबीचको संवादले पनि त्यसको पुष्टि गरेको छ ।युवतीले रजिष्ट्रारकी पत्नीलाई अब पद पनि जाने र उहाँ(रजिष्ट्रार)पनि नपाउने धम्की दिएकी छन् ।पटक पटक भएको संवादमा उनीहरुबीच अत्यधिक तनावको अवस्था सृजना भएको देखिन्छ ।

यस सम्बन्धमा उपकुलपति डा.शाक्यसित सम्पर्क हुन सकेन् ।रजिष्ट्रारको मोबाइल नम्बरमा सम्पर्कगर्दा उनी स्वयंले रिसिभ गरे पनि म दाई बोलेको भन्दै प्रतिकृया दिन चाहेनन् ।

शाक्य र यादवलाई मधेश प्रदेशको तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले क्रमशःभीसी र रजिष्ट्रारमा नियुक्ति गरेका थिए । शाक्य र यादव नियुक्त भए पनि बिना सूचना नेताका आफ्न्तहरुलाई भर्ना गरिएको थियो ।चर्चामा आएकी युवतीलाई पनि सोही बखत भर्ना गरिएको बताइएको छ ।

युवतीले आफूसित रजिष्ट्रारको ५० औं भीडीयो र फोटोहरु रहेको च्याटमा खुलाएकी छन् ।रजिष्ट्रार र युवतीबीच उमेरको धेरै फरक रहेको फोटोबाट बुझिन्छ ।जनकपुर टुडेलाई प्राप्त फोटोमा रजिष्ट्रार र युवती होटेल, नदी लगायतका स्थानहरुमा पुगेको देखिन्छ ।

उपकुलपति र रजिष्ट्रारबीच मधुर सम्बन्ध रहेकाले विश्वविद्यालयमा भइरहेको अबाञ्छित कृयाकलापबारे कर्मचारीहरुले मुख खोल्न सकिरहेका छैनन् ।करारमा कार्यरत कर्मचारीहरुले मुख खोले हटाइदिने सम्मको धम्की दिएको बताइन्छ ।विश्वविद्यालयमा युवतीको चुरीफुरी बढेको छ ।




उपकुलपति डा.शाक्यले गरेको अनियमितता सम्बन्धमा छानबिन गरिने मुख्यमन्त्री सिंहले बताए पनि त्यसको प्रकृया भने अगाडि बढेको छैन् ।

उपकुलपति डा. शाक्यले बाल संगठन पर्साको सदस्य भएको बेला आफ्नै छोरा संकल्प शाक्यको नाममा आदर्शनगरको १२ कठ्ठा जग्गा २७ वर्षको लागि लिज गैरकानुनी रुपमा लिएको छानबिन केन्द्रीय बाल संगठनले गरिरहेको छ । शाक्यले बालसंगठनलाई लिज वापतको रकम समेत नतिरेको केन्द्रीय कार्यालयले जनाएको छ ।

मधेश विश्वविद्यालयमा भीसी शाक्य र रजिष्ट्रार यादवको नियुक्ति अवैध रहेको आरोप लाग्दै आएको छ ।आमनिर्वाचनको आचार संहिता जारी भइसकेको बेला पछिल्लो मितिले शाक्य र यादवको नियुक्ति गरिएको थियो ।त्यस सम्बन्धी फाइलहरु समेत शिक्षा मन्त्रालयमा उपलब्ध नरहेको मन्त्रालय सम्बद्ध स्रोतले जनाएका छन् ।

मधेश विश्वविद्यालयमा भएको अनियमितता र पदाधिकारी, कर्मचारी बहालीमा भएको अनियमितता सम्बन्धमा समाचारहरु सार्वजनिक हुन थालेपछि मुख्यमन्त्री सिंहले छानविन गर्ने जनाएका छन् ।

विश्वविद्यालयको बजेटमा शाक्य र यादवले मनपरी गरिरहेका छन् ।विश्वविद्यालयको बजेटमा उनीहरुले वीरगञ्ज क्याम्पसको प्रबर्द्धन गरिरहेको आरोप लाग्दै आएको छ ।

चालु आर्थिक वर्षमा सरकारले विश्वविद्यालयको लागि १० लाख मात्र बजेट बिनियोजन गरे पनि आर्थिक चलखेल गरी सभा भने सम्पन्न गरिएको छ ।

प्रदेश सरकारको गौरवको योजना मध्येको मधेश विश्वविद्यालयलाई भीसी शाक्य र रजिष्ट्रार यादवले अनेक प्रकारले धराशायी बनाउन लागिपरेको स्थानीय बासिन्दाहरु बताउँछन् ।

विश्वविद्यालयका लागि हाल सम्म आफ्नो जग्गा समेत खोजिएको छैन् ।बाल संगठनको लिजमा लिएको जग्गा नै फिर्ता गरी विश्वविद्यालयको भवनका लागि उपलब्ध गराइदिए हुनेमा शाक्यले उल्टै हरेक किसिमले विश्वविद्यालयलाई हानी पुऱ्याएको आवाज उठन थालेको छ ।






# सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको गणेशमान चारनाथ नगरपालिकाले सुत्केरीका लागि निःशुल्क सेवा प्रदान गर्ने भन्दै एम्बुलेन्स सञ्चालनमा ल्याएको छ। घरमै सुत्केरी हुने दरलाई शून्यमा झार्न र अस्पतालमा सुरक्षित रुपमा सुत्केरी गराउन अभिप्रेरित गर्ने उद्देश्यले आइतबारदेखि एम्बुलेन्स सञ्चालनमा ल्याएको नगर प्रमुख जितनारायण यादवले जानकारी दिए।

उनले भने, 'पालिकाभित्रका सबै गर्भवती तथा सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँछौं । यसले गर्भवती महिला तथा सुत्केरी भइसकेपछि आमा र शिशुको स्वास्थ्यका बारेमा रेखदेश र आवश्यक परामर्श दिन पनि सहज हुन्छ ।'

गणेशमान चारनाथ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रणजित यादवले नगरभित्रका आफ्ना नागरिकलाई सहज स्वास्थ्य सेवा दिने उद्देश्यले एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको बताए ।

गर्भवती तथा सुत्केरीलाई निःशुल्क सेवा दिने बताउँदै उनले अन्य प्रकारका बिरामीलाई न्यून शुल्क लिएर सेवा उपलब्ध गराउने बताए ।

उनका अनुसार पालिकाभित्रका मात्र नभएर छिमेकी पालिकाका बिरामीलाई समेत एम्बुलेन्स सेवा उपलब्ध हुनेछ । आकस्मिक बिरामीलाई स्वास्थ्य संस्थासम्म लैजान सजिलो होस् भन्ने पालिकाको उद्देश्य छ । स्वास्थ्य संस्था टाढा भएकाले एम्बुलेन्सले नागरिकको स्वास्थ्य पहुँचमा वृद्धि गर्ने विश्वास लिइएको प्रमुख प्रशासकीय अधिकृत यादवले बताए ।

# रंगशाला बनाउन डिपिआर तयार गरिँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमारसिंहलेजनकपुरधामस्थित रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रंगशाला बनाउन विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भइरहेको जानकारी दिए ।

आइतबारदेखि जनकपुरधाममा सुरु भएको ' जय ट्रफी मेन्स एलाइट कप'को उद्घाटन कार्यक्रममा मुख्यमन्त्री सिंहले सोमबार राष्ट्रिय खेलकुद परिषद् र गुठी संस्थानसँग प्रदेश सरकारले खेल मैदानका लागि सम्झौता गर्ने बताए । रंगशाला बनाउने स्थानको जमिन सरोकार भएका निकायसँगको सहमतिमा मालपोतबाट पास हुनेवित्तिकै प्रदेशस्तरीय मन्त्रिपरिषदबाट निर्णय गरेर प्रतिवेदन संघीय सरकारसमक्ष पेस गरिने उनले उल्लेख गरे ।

करिब सात वर्षअघि भारत सरकारका तर्फबाट प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधामको विकासका लागि एक अर्ब रुपैयाँ उपलब्ध गराउने घोषणा गर्नुभएको रकम हालसम्म खर्च नभएकाले उक्त रकम रंगशाला निर्माणमा



लगाउने मुख्यमन्त्री सिंहले बताए । बाँकी रकम प्रदेश सरकारले लगानी गर्ने उनले बताए ।

भारत सरकारले प्रदान गर्ने भनिएको रकम खर्च गर्न प्रदेशस्तरीय मन्त्रिपरिषदबाट निर्णय गरेर केन्द्रमा पठाउनुपर्ने बताए ।

मुख्यमन्त्री सिंहले केन्द्र सरकारले स्वीकृत गरी भारतीय दूतावासमा पठाउनुपर्ने र दूतावासले स्वीकृति प्रदान गरेपछि मात्र बोलपत्र आह्वान गर्न सकिने बताए । केही प्राविधिक त्रुटिका कारण अहिलेसम्म बोलपत्र आह्वान हुन नसकेको उनले बताए ।

गुठी संस्थानले राष्ट्रिय खेलकुद परिषद्सँग सम्झौता गरिसकेको अवस्थामा प्रदेश सरकारसँग जग्गा नभएकाले टिप्पणी उठाउन नसकिएको मुख्यमन्त्री सिंहले बताए । उनले रंगशालाका लागि दुई अर्ब ५० करोड रुपैयाँदेखि तीन अर्ब रुपैयाँ सम्म खर्च लाग्ने अनुमानसहित बोलपत्र आह्वान गरिने बताए ।

मुख्यमन्त्री सिंहले खेलकुदका साथै अन्य पूर्वाधार विकासमा पनि प्रदेश सरकारले युवासँग सहकार्य र समन्वय गरी अवसरहरू सिर्जना गर्दै जाने प्रतिबद्धता बताए ।

जय ट्रफी उद्घाटन कार्यक्रममा जनकपुरधामउपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल, नेपाल क्रिकेट संघ (क्यान)का उपाध्यक्ष रोशन सिंह, सचिव पारस खड्का, धनुषा क्रिकेट संघका अध्यक्ष गुड्डु पाण्डेय, विभिन्न राजनीतिक दलका प्रतिनितिधिलगायत खेल प्रेमीहरूको उपस्थिति रहेको थियो ।

# चेकजाँचको क्रममा स्थानीय र प्रहरीबीच झडप

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा मापसे चेकजाँचको क्रममा स्थानीय र प्रहरीबीच झडप भएको छ । सो क्रममा प्रहरीमाथि आक्रमण गरेपछि पाँच राउण्ड हवाई फायर गरिएको मधेश प्रदेश समूह परेका थिए ।

सो विषयमा अवरोध खडा गर्न वडा नम्बर-५ का वडाध्यक्ष श्रीनन्दन रायको नेतृत्वमा करिब डेढसय जनाको समूह आएर प्रहरीमाथि ढुंगाले आक्रमण गराएको सर्लाही प्रहरीले दाबी गरेको छ ।



प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सुवास बोहराले जानकारी दिए ।

जिल्लाको रामनगर गाउँपालिकाका प्रवक्ता बोहराका अनुसार शनिबार राति करिब ९ बजेतिर रामनगर गाउँपालिका-५ स्थित बैजनाथचोकमा इलाका प्रहरी कार्यालय गडहिया डुमरिया सर्लाहीका प्रमुख प्रहरी निरीक्षक उज्ववल कार्कीको कमाण्डमा मापसे चेकिङ भइरहेको बेलामा मापसे गरेका केही युवाहरुको

सो क्रममा प्रहरी हवल्दार शैलेन्द्र राय यादवको टाउको फुटेर घाइते भएपछि सर्लाहीका प्रहरी नायब उपरीक्षकको कमाण्डमा थप प्रहरी टोली पुगेर अवस्था नियन्त्रणमा लिन थ्रीनट थ्री राफइलबाट पाँच राउण्ड गोली हवाई फायर गरेको प्रवक्ता बोहराले बताए । घाइते रायको टाउकोमा पाँचवटा टाँका लागेको छ । उनले जनाए अनुसार उपचार जनकपुर न्यूरो अस्पतालमा भइरहेको छ ।

# प्रतिकूल मौसमले उडान प्रभावित

काठमाण्डु । प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान प्रभावित भएको छ । मौसममा आएको खराबीले ' भिजीबिलिटी' कमजोर हुँदा आन्तरिक हवाई उडान प्रभावित भएको हो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भिजुअल फ्लाइट रुल्स (भिएफआर) उडान भइरहे पनि काठमाडौँ बाहिरका अधिकांश विमानस्थलमा बिहान उडान हुनसकेको छैन । तराई क्षेत्रका बाक्लो हुस्सुका कारण विमानस्थल ढिलोगरी खुल्ने गरेको उहाँले बताउनुभयो ।

पश्चिमी न्यूनचापीय प्रणालीको आंशिक प्रभावले देशका अधिकांश स्थानमा आंशिकदेखि साधरणतया बदली रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका मौसमविद् बिनु



हवाई उडान हुनसकेको छैन । विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार काठमाडौँ बाहिरका विमानस्थलमध्ये भद्रपुर, भरतपुर, पोखरा र सुर्खेतबाहेक अन्य विमानस्थलमा उडान हुनसकेको छैन ।काठमाडौँ विमानस्थलमा भने आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान नियमित रूपमा सञ्चालन भइरहेको छ । आन्तरिकतर्फ काठमाडौँबाट सिधा उडान हुने कतिपय विमानस्थलमा उडान हुन नसकेको जनाइएको छ ।

बुद्ध एयरका प्रवक्ता दीपेन्द्रकुमार कर्णले हाल भद्रपुर, भरतपुर, पोखरा र सुर्खेत उडान खुले पनि अन्य विमानस्थल कम भिजीविलिटीका कारण

महर्जनका अनुसार अहिले कर्णाली, लुम्बिनी, गण्डकी, बागमती र मधेस प्रदेशको पूर्वी भूभागमा साधरणतया बदली रहनुका साथै कोशी र सुदूरपश्चिम प्रदेशमा आंशिक बदली रहेको छ । "तुलनात्मक रूपमा आजभन्दा भोलि सोमबार बढी बदली रहने र वर्षाको पनि सम्भावना रहेको छ", मौसमविद् महर्जनले भन्नुभयो, "बाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागमा हल्का वर्षाको सम्भावना रहेको छ ।"

उहाँले पश्चिमी न्यूनचापीय प्रणालीको बढी प्रभाव सोमबार र मङ्गलबार रहने भएकाले बदली र वर्षाको सम्भावना रहेको बताउनुभयो ।रासस

# महासंघमा निर्वाचित पत्रकारहरुलाई नेपाली काँग्रेसद्वारा सम्मान



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल पत्रकार महासंघको हालै सम्पन्न भएका निर्वाचनमा निर्वाचित भएका पत्रकारहरुको सम्मानमा नेपाली काँग्रेस मधेश प्रदेश प्रचार प्रसार समितिले बधाई तथा शुभकामना कार्यक्रमको आयोजना गरियो ।

नेपाली काँग्रेस मधेश प्रदेशको जनकपुरधाम स्थित कार्यालयमा आइतवार आयोजित उक्त कार्यक्रममा मधेश प्रदेशको आठ वटै जिल्लामा नेपाल प्रेस युनियन र प्रेस चौतारीको संयुक्त प्यानलबाट निर्वाचित भएका पदाधिकारीहरुको सम्मानमा प्रचार प्रसार विभागले बधाई तथा शुभकामना कार्यक्रम आयोजना गरेका हुन् ।

बधाई तथा शुभकामना कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेशका सभापति एवं पूर्व मन्त्री कृष्णप्रसाद यादवले लोकतन्त्रको आधार स्तम्भ नै पत्रकारिता क्षेत्र भएको बताउदै पत्रकारिता क्षेत्र कमजोर भएमा लोकतन्त्र कमजोर हुने बताए ।

नेपाल पत्रकार महासंघका आठ वटै जिल्ला र प्रदेशमा निर्वाचित भएका पत्रकारहरुलाई लोकतन्त्रलाई बलियो बनाउने पक्षमा निरन्तर रुपमा निर्भिक भएर कलम चलाई समाजलाई विकासको पथमा रुपान्तरित गर्दै अघि बढ्ने दायित्व पत्रकारहरुको काँधमा आएको उनले बताए ।

सो कार्यक्रमका विशिष्ट अतिथि नेपाली काँग्रेस मधेश प्रदेशका उपसभापति एवं पूर्व मन्त्री वीरेन्द्र प्रसाद सिहले पत्रकार समाजको आईना हो, समाजलाई विकसित एवं स्वच्छ बनाउन पत्रकारको भूमिका अति नै महत्वपूर्ण रहने भएको हुँदा नेपाली काँग्रेसको जग बलियो बनाउन तथा यहाँका केही भ्रमहरुलाई चिर्नमा पत्रकारहरुको साथ सहयोग रहनु पर्ने आवश्यक्ता महसुस गर्दै निर्वाचित सबै पदाधिकारीहरुलाई बधाई तथा शुभकाना दिए ।

अर्थमन्त्री सुनिलकुमार यादवले मधेश प्रदेशलाई अन्य प्रदेशको दाँजोमा सम्मुन्नत बनाउन पनि संचारकर्मीहरुबाट आउने सुझावलाई सकारात्मक रुपमा लिएर अघि बढ्ने विश्वास प्रकट गर्दै नेपाली काँग्रेसलाई बलियो बनाउनमा पत्रकारहरुको अग्रणी भूमिका हुनुपर्ने धारणा राखे ।

सञ्चार तथा प्रचार प्रसार विभाग प्रमुख नितेशकुमार गुप्ताको सभापतित्वमा भएको कार्यक्रममा प्रदेश साँसद नागेन्द्र साह, महागढीमाई नगरपालिकाको नगरप्रमुख उपेन्द्र प्रसाद यादव, नेका मधेश प्रदेशका कोषाध्यक्ष सूर्य थापाले नवनिर्वाचित नेपाल पत्रकार महासंघ शाखा तथा मधेश प्रदेशका पदाधिकारुहरुलाई बधाई तथा सफल कार्यकालको लागि शुभकामना दिएका थिए ।

# सोमबारदेखि वर्षा र हिमपातको पूर्वानुमान



काठमाण्डु । पश्चिमी न्यूनचापीय प्रणालीको आंशिक प्रभावले देशका अधिकांश स्थानमा बदली रहेको छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार आइतबार दिउँसो आंशिकदेखि साधारणतया बदली रहने सोमबार देशका पहाडी क्षेत्रमा हल्का वर्षा र हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेको छ ।

महाशाखाका मौसमविद् बिनु महर्जनका अनुसार अहिले कर्णाली, लुम्बिनी, गण्डकी, बाग्मती र मधेस प्रदेशको पूर्वी भू-भागमा साधरणतया बदली रहनुका साथै कोशी र सुदूरपश्चिम प्रदेशमा आंशिक बदली रहेको छ ।

आज दिउँसो देशको पहाडी तथा हिमाली भू-भागमा आंशिकदेखि साधरणतया मौसम बदलीदेखि सामान्यतया वर्षा रहने छ । आज राति कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपात हुनेछ ।

"तुलनात्मक रूपमा आइतबारभन्दा सोमबार बढी बदली रहने र वर्षाको पनि सम्भावना रहेको छ", उहाँले भन्नुभयो, "बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागमा हल्का वर्षाको सम्भावना रहेको छ । सुदूरपश्चिमका पहाडी र उच्च हिमाली क्षेत्र र बाँकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना छ ।"

पश्चिमी न्यूनचापीय प्रणालीको बढी प्रभाव सोमबार र मङ्गलबार रहने भएकाले बदली र वर्षाको सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ ।

**काठमाडौंको न्यूनतम तापक्रम बढ्यो**

शनिबारको तुलनामा आइतबार काठमाडौँको न्यूनतम तापक्रम केही वृद्धि भएको छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार आइतबार बिहान काठमाडौँको न्यूनतम तापक्रम सात दशमलव दुई डिग्री सेल्सियस मापन भएको छ ।

शनिबार पाँच दशमलव नौ डिग्री सेल्सियस मापन भएको थियो । राति काठमाडौँको आकाशमा बादल लागेको हुनाले न्यूनतम तापक्रम थोरै बढेको मौसमविद् महर्जनले जानकारी दिनुभयो ।

न्यूनतम तापक्रम बढेकाले काठमाडौँमा आइतबार तुलनात्मक रूपमा बिहान कम चिसो महसुस भएको छ । गत मङ्सिर २९ गते काठमाडौँको न्यूनतम तापक्रम दुई दशमलव पाँच डिग्री सेल्सियस पुगेको थियो ।रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/०१/०२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : अन्जली कुमारी**
**सिम्बोल नं.: २१७००४९१**
**रजिष्ट्रेशन नं.: ७६१७११०८२**
**ठेगाना:जि.ध. लक्ष्मीनियाँ गा.पा.-३**
**मो.नं. ९८२५९१४६३९**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

मेष :कामको मेसो नमिल्दा केही अलमल हुनेछ।
वृष :समयमा निर्णय नलिने बानीले अप्ठ्यारो पार्न सक्छ।
मिथुन :विभिन्न कामका अवसर प्राप्त हुनेछन्।
कर्कट :अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा पर्न सकिन्छ।
सिंह:सोख र हडबडीले समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखार आउनेछ।
कन्या :खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ।
तुला: प्रशस्त लाभ उठाउने समय छ।
वृश्चिक: परिस्थितिको चक्रमा अलमलिनु पर्दा कार्यसम्पादनमा ढिलाइ हुनेछ।
धनु :जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्न सक्छ।
मकर: स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला।
कुम्भ :हडबडले काम बिग्रनेछ।
मीन :कामको मेसो नमिल्दा अलमल हुनेछ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको जनकपुर ढल्केवर राजमार्गमा आइतबार बिहान लागेको हुस्सु । शीतलहर र बाक्लो हुस्सु लागेका कारण अत्यधिक चिसो बढेपछि यहाँको जनजीवन प्रभावित बनेको छ । *तस्बिर:रासस*

# सार्वजनिक जग्गाको अतिक्रमण हटाइने

महोत्तरी ।सार्वजनिक पर्ती र नदी उकास जग्गामा अतिक्रमण बढ्न थालेपछि वनसम्बद्ध कार्यालय र सुरक्षा निकायले अतिक्रमण हटाउने अभियान सुरु गरेका छन् । महोत्तरीको बर्दिबास-४ वरडाँडामा तारबार लगाएर व्यक्तिले कब्जा गरेको करिब एक बिघा जग्गा वन सवडिभिजन कार्यालय गणन्ता र सशस्त्र वन सुरक्षा शाखाले तारबार भत्काइ अतिक्रमण हटाएका हुन् ।



नदी उकास क्षेत्रको जग्गा बर्दिबास-४ का मोहित तामाङले घेराबेरा लगाएका थिए । नदी उकास जग्गा घेरबार गरी टहरा बनाउने, बाली लगाएर कब्जा गर्ने प्रवृति बढेपछि यस्ता जग्गाको पहिचान गरेर अतिक्रमण हटाउने अभियान थालिएको वन सवडिभिजन कार्यालय गणन्ता (महोत्तरी) का वन अधिकृत सिकेन्द्रप्रसाद चौधरीले जानकारी दिनुभयो ।

शनिबार थालिएको यो अभियानलाई निरन्तरता दिइने वन सव डिभिजन कार्यालय गणन्ताले जनाएको छ ।रासस

# शीतलहरपीडितलाई सेनाको सहयोग

महोत्तरी ।मुटु कमाउने जाडोबीच लुगा नभएर कष्ट झेल्दै आएका महोत्तरीको मटिहानी-४ र ९ का दलित परिवारले नेपाली सेनाको सहयोगले न्यानो ओढ्ने पाएका छन् । दुवै बस्तीका एक सय २३ परिवारलाई सेनाको परिकौली (महोत्तरी) स्थित गोरखनाथ गण ब्यारेकले ओढ्ने मण्डी (ऊनी कम्बल) शनिबार वितरण गरेको हो । शीतलहरको यो राहत पाउने उनीहरु अतिविपन्न मुसहर र डोम समुदायका परिवार हुन् ।





मटिहानी-८ स्थित श्रीराम माध्यमिक विद्यालय परिसरमा आयोजित कार्यक्रममा गोरखनाथ गणका गणपति प्रमुख सेनानी विनोदविकास पाठक, मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल र जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले सेनाप्रदत्त कम्बल मुसहर र डोम परिवारलाई प्रदान गर्नुभएको हो ।


जिल्लामा नेपाली सेनाले प्रत्येक वर्षजसो शीतलहर प्रभावित बस्तीका अतिविपन्न परिवारलाई कम्बल वितरण, चोकचोकमा आगो बाल्ने र बटुवालाई तातो चिया खुवाउने कार्य गर्दै आएको छ । जनताको दुःखमा एकाकार हुन गरिब बस्तीमा कम्बल वितरण गरिएको गणपति प्रमुख सेनानी पाठकको भनाइ छ ।

सेनाले जाडोमा सहयोगका लागि अतिविपन्न बस्तीका दलित परिवार छानेर प्रशंसनीय कार्य गरेको मटिहानी नगरप्रमुख मण्डलले बताउनुभयो । शीतलहर प्रभावितलाई न्यानो वितरण गर्ने समारोहमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृत, नगरका जनप्रतिनिधि र सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको उपस्थिति थियो । महोत्तरीका सुदूरदक्षिण र मध्यभेगमा पुस तेस्रो साता सुरु भएदेखि नै बाक्लो हुस्सुले ढाकेर चिसो स्याँठ बहने क्रमले सर्वसाधारण अत्यन्त कष्टकर अवस्थामा छन् । यो अवस्थामा सेनाले सराहनीय कार्य गरेको मटिहानी-७ का ९० वर्षीय विन्देश्वरीप्रसाद मण्डल बताउनुहुन्छ ।रासस

# एमाले अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदन

काठमाण्डु । प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकार गठन भएयता मुलुकको अर्थतन्त्रमा क्रमशः सुधार भइरहेको बताउनुभएको छ ।

एमाले केन्द्रीय कमिटीको आजको बैठकमा अध्यक्ष ओलीले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमा उहाँले देशको अर्थतन्त्रमा सुधारमा सकारात्मक सङ्केत देखिए पनि त्यसले अपेक्षित गति लिन नसकेको उल्लेख गर्नुभएको छ । राजनीतिक स्थायित्व र सबल सरकार गठनसँगै निजी क्षेत्रको विश्वास बढेको, राजस्व, निर्यात, र पुँजीगत खर्चमा वृद्धि भएको तथा पुँजी बजारमा सुधार आएको प्रधानमन्त्रीले प्रतिवेदनमा उल्लेख गर्नुभएको छ । पहिलोपटक देशको सार्वभौम 'क्रेडिट रेटिङ'बाट हाम्रो राष्ट्र दक्षिण एसियामा भारतपछिको दोस्रो लगानीयोग्य मुलुकका रुपमा परिचित भएको उहाँले प्रतिवेदनमा उल्लेख गर्नुभएको छ ।



सहकारीका बेथितिलाई सम्बोधन गर्न तथा अनियमितततामा संलग्नलाई कारबाही गर्ने, बचतकर्ताको रकम फिर्ता गर्ने, प्रभावकारी नियमनका लागि प्राधिकरण गठन एवं कानुनी संरचना निर्माणमा आवश्यक प्रयत्न भएको एमाले अध्यक्ष ओलीले बताउनुभएको छ । ऊर्जा, व्यापार र पूर्वाधारमा सुधारका प्रयास भएका, किसानका समस्या समाधान, सरकारी सेवा प्रवाहमा क्रमिक सुधार आए पनि ती क्षेत्रमा चुनौती रहेका प्रधानमन्त्रीले औँल्याउनुभएको छ । प्रतिवेदनमा सरकारका प्रयास सकारात्मक भए पनि अपेक्षित विकास र जनअपेक्षा पूरा गर्न थप प्रयत्न गर्नुपर्नेमा जोड दिइएको छ ।

"मुलुकको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै आएको छ । राजनीतिक स्थायित्वको सन्देश र बलियो सरकारको गठनसँगै निजी क्षेत्रमा विश्वास अभिवृद्धि भएको छ । वर्तमान सरकारले अर्थतन्त्रलाई ओह्रालो लाग्नबाट रोकेर क्रमशः सकारात्मक दिशामा अगाडि बढाएको छ । पुँजीबजारमा सकारात्मक सुधार हुँदै आएको छ । गत वर्षको यसै अवधिको तुलनामा राजस्वमा वृद्धि भएको छ, निर्यात तथा आयातमा सुधार भएको छ । पुँजीगत खर्च पनि वृद्धि भएको छ", प्रतिवेदनमा भनिएको छ, "मुलुकको अर्थतन्त्रमा सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गरिएको छ । गत वर्षदेखि सिर्जित भुक्तानी दायित्व लगभग पूरा गरिएको छ । करिब एक दर्जन, नियमावली, कार्यविधि, निर्देशिकालगायत ऐनकानुन पारित भई कार्यान्वयनमा आएका छन् ।"

> सरकारले गरेका विभिन्न प्रयासका कारण अर्थतन्त्र गतिशील हुने आधार तयार भएको प्रतिवेदनमा उल्लेख छ । "अर्थतन्त्रको बाह्य अवस्थामा तुलनात्मक रुपमा अनुकूल अवस्था छ । बैङ्कमा लगानीयोग्य पुँजीको दायरा र विप्रेषण आप्रवाह विस्तार भएको छ । ब्याजदर एकल विन्दुमा झरेको छ । मूल्यवृद्धि र मुद्रास्फीति नियन्त्रणको सीमामा छ", पार्टीको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष ओलीले भन्नुभयो ।

बिनाअध्ययन साना आयोजनामा छरिएको बजेटलाई राष्ट्रिय गौरवका रणनीतिक आयोजनामा केन्द्रित गर्न र अनुशासित कार्यप्रणाली कार्यान्वयन गर्न मितव्ययितामा जोड दिइएको प्रधानमन्त्रीले उल्लेख गर्नुभएको छ । सरकारले गरेका विभिन्न प्रयासका कारण अर्थतन्त्र गतिशील हुने आधार तयार भएको प्रतिवेदनमा उल्लेख छ । "अर्थतन्त्रको बाह्य अवस्थामा तुलनात्मक रुपमा अनुकूल अवस्था छ । बैङ्कमा लगानीयोग्य पुँजीको दायरा र विप्रेषण आप्रवाह विस्तार भएको छ । ब्याजदर एकल विन्दुमा झरेको छ । मूल्यवृद्धि र मुद्रास्फीति नियन्त्रणको सीमामा छ", पार्टीको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष ओलीले भन्नुभयो ।

सहकारीका बेथिति अन्त्यका लागि मुख्य चारवटा कार्य तत्काल गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभएको छ । "अनियमिततामा संलग्नहरूलाई बिनामोलाहिजा कारबाही गर्ने, बचतकर्ताहरूको रकम फिर्ता गराउने, सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्न अधिकारसम्पन्न प्राधिकरण गठन गर्ने र भविष्यमा बचतकर्ताहरूको रकम संरक्षणका लागि संरक्षण कोष निर्माण गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्छ", ओलीले भन्नुभयो । नागरिकहरूको बचत रकम हिनामिना गर्ने कसैलाई पनि छुट दिनु हुँदैन र दोषीले उन्मुक्ति पाउनु हुँदैन भन्नेमा वर्तमान सरकार स्पष्ट रहेको पनि उहाँले बताउनुभयो । "कतिपय पार्टी या व्यक्तिहरूले चालु अनुसन्धान र अभियोजनलाई राजनीतिकरण गर्ने एवं आफूहरूप्रतिको पूर्वाग्रह या प्रतिशोध करार गर्ने प्रयत्न गरिहेका छन् । तर यस प्रक्रियामा सत्तारूढ पार्टीहरू सम्बद्ध कतिपय व्यक्तिहरू समेत अनुसन्धानमा तानिएको, थुनामा परेको या मुद्दा खेपिरहेका घटनाक्रमले त्यस्तो आरोपलाई मिथ्या प्रमाणित गरिसकेको छ", उहाँले भन्नुभयो, "आफूले गल्ती गरिएको छैन भने कोही पनि न्यायिक प्रक्रियाबाट तर्सिनु पर्दैन । गल्ती गरेको भए सडक अदालतले उन्मुक्ति दिन सक्दैन भन्ने कुरा सबैले बुझ्नु पर्छ ।"

हालसम्म सरकारले समस्याग्रस्त घोषणा गरेका २२ वटा सहकारीका ६९ हजार बचतकर्ता मध्येबाट तीनवटा सहकारीका छ हजार बचतकर्ताहरूको करिब रु एक अर्ब ५५ करोड रकम फिर्ता भइसकेको प्रधानमन्त्री ओलीले बताउनुभयो । उहाँले अन्य सहकारीका करिब आठ हजार बचतकर्ताको ७० प्रतिशत र दुई हजार बचतकर्ताको ५० प्रतिशत बचत फिर्ता भइसकेको जानकारी दिनुभयो ।

अधिक तरल, अस्थिर र अनिश्चयपूर्ण राजनीतिक अवस्थाले मुलुकको विकास निर्माणको काममा गम्भीर व्यवधान पुगेको प्रधानमन्त्रीले प्रतिवेदनमा स्वीकार्नु भएको छ । पूर्ववर्ती सरकारको पालामा तस्करी, भ्रष्टाचार र सरकारी रकम अपचलनलाई संरक्षण दिँदा मुलुकमा एक किसिमको समानान्तर अर्थतन्त्र चलायमान भएको, अपेक्षित राजस्व नउठेको, विदेशी अनुदान, सहायता र लगानी अपेक्षा गरिएअनुरुप नभित्रिने स्थिति सिर्जना भएको आरोप पनि प्रतिवेदनमा लगाइएको छ ।

"निर्माणाधीन परियोजना समयमा सम्पन्न नहुने र निर्माण सम्पन्न भएका आयोजनामा निर्माण व्यवसायीहरूले भुक्तानी नपाउने जस्ता बेथिति देखा परे । निश्चित राजनीतिक स्वार्थका लागि जथाभावी योजना थप्दै जाँदा मन्त्रालयहरू त्यस्ता टुक्रे योजनाहरूको बोझ र स्रोत सुनिश्चितताका नाममा प्रतिबद्धता गरिएका दायित्वले थिचिएको अवस्था छ । यस्तो बेथितिलाई अन्त्य गर्दै हाम्रो विकास निर्माणको समग्र 'इकोसिस्टम' मै ठूलो रुपान्तरण आवश्यक भएको छ", प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले प्रतिवेदनमा उल्लेख गर्नुभएको छ ।रासस

# माघेसङ्क्रान्ति नजिकिएसँगै सर्लाहीका किसानलाई तरुल खन्न भ्याइनभ्याइ

बरहथवा । माघेसङ्क्रान्ति नजिकिएसँगै सर्लाहीको बागमतीका किसानलाई तरुल खन्न भ्याइनभ्याइ भएको छ। पुसको दोस्रो हप्ता लागिसक्दा सङ्क्रान्तिका लागि तरुल निकाल्ने चटारो बढेको बागमती नगरपालिका-५ टेकानीका तरुल किसान दलबहादुर लुङ्गेलीले बताउनुभयो । लुङ्गेलीले बागमती खोला बगरमा पाँच कट्ठा खेतमा तरुल लगाउनुभएको छ ।



चाडबाडको मुखमा मूल्यसमेत राम्रो पाउने भएकाले पुसको तेस्रो हप्तासम्म तरुले बेचिसक्ने योजना बनाएको उहाँले सुनाउनुभयो । "तरुलको मूल्य माघेसङ्क्रान्तिमा राम्रो पाइन्छ ।" उहाँले भन्नुभयो, "त्यसकारण पुस २५/२६ सम्म बेचिसक्ने योजना छ ।" त्यसपछि तरुलले उति राम्रो मूल्य नपाउने उहाँको अनुभव छ । तरुल स्वास्थ्यका हिसाबले चिसो मौसममा उपयोगी रहेकाले यस बेला ब्यापार र मूल्य बढ्ने गरेको छ ।

बागमती नगरपालिका-५ स्थित बागमती नदी उकास जमिनमा किसानले ठूलो क्षेत्रफलमा तरुलखेती गर्ने गरेका छन् । बालुवा तथा खोलाको पाँगो माटो भएका जग्गामा तरुल उत्पादन राम्रो हुने गरेको स्थानीय किसान हिरालाल मण्डलको भनाइ छ । "बगरको खेती सुन जस्तै बनेको छ", उहाँले भन्नुभयो, "तरुल उत्पादनबाट मनग्य आम्दानी हुन्छ ।"

तरुलखेती गर्नुभएका बागमती नगरपालिका-४, जिराएतका किसान विमल खड्काले तरुलको उत्पादन राम्रो हुँदा अन्यबालीभन्दा धेरै आम्दानी हुने गरेको बताउनुभयो । आफ्नो र ठेक्का गरेर खड्काले पनि एक बिघा बगर खेतमा तरुल लगाउनुभएको छ । केहीमा तरुल उत्पादन राम्रो भएको र केहीमा बिग्रिएको उहाँको भनाइ थियो ।

यहाँका किसानहरूले आकासे र पताले गरी दुई जातको तरुल उत्पादन गर्ने गरेका छन् । आकासे अर्थात् सेतो तरुल कम स्वादिलो हुने धेरै उत्पादन हुने तथा मूल्य केही कम हुने गरेको बागमती-४ जिरायतका तरुल व्यापारी राम दरेस महतोले बताउनुभयो । अर्को पताले अर्थात् रातो जातको तरुल भने उत्पादन केही कम हुने खान पनि स्वादिलो हुने भएकाले मूल्यसमेत राम्रो रहेको उहाँको भनाइ छ ।

यहाँका किसानले प्रतिबिघा ८० देखि एक सय २० क्विन्टलसम्म तरुल फलाउने गरेका छन् । यस वर्ष छठको समयमा तरुल प्रतिकिलो एक सय २० रुपैयाँसम्ममा बिक्री भएको थियो । अहिले बजार मूल्य प्रतिकिलो ५५ देखि ६० रुपैयाँ रहेको तरुल व्यापारी डम्बरबहादुर खड्काको भनाइ छ । यस वर्ष उहाँ २० बिघामा लगाएको तरुल बजार लैजाने योजनामा हुनुहुन्छ ।

उहाँले आफ्नो र भाडामा गरी २० बिघा बढी खेतमा तरुल लगाउनुभएको छ । जग्गा भाडामा लिदा वर्षको प्रतिबिगाहा ५० देखि ६० हजार रुपैयाँसम्म तिर्नुपर्ने उहाँको भनाइ छ । तरुल खेती गर्दा प्रतिकठ्ठा बीउ, मलखाद, कामदार गरी रु आठ हजारसम्म खर्च हुने गर्दछ । उहाँका अनुसार तरुल खेतीबाट किसानहरूले प्रतिकठ्ठा रु ३० देखि ४० हजारसम्म आम्दानी गर्दछ ।

बागमती नगरपालिका कृषि शाखाका अनुसार यस क्षेत्रमा बर्सेनि लगभग तीन सय बिगाहा क्षेत्रफलमा तरुलखेती हुँदै आएको छ । सिँचाइ हुने खेतमा पानी जम्ने जोखिम रहेकाले तरुल उत्पादनका लागि बगर खेत उपयुक्त हुने कृषि प्राविधिकहरू बताउँछन् । बागमती नदी उकास जग्गा तरुल उत्पादनका लागि निकै उपयोगी बनेको छ ।

केही समयअघिसम्म यसैखेर गइरहेको बगरखेतीमा यतिबेला किसानले सुन फलाइरहेका बागमती नगरपालिका कृषि शाखा प्राविधिक हिमाल शाहीले बताउनुभयो । खोलाको बगर स्थानीय किसानले प्रतिपरिवार पाँच कट्ठाको दरले भाग लगाएर केही समय ता खेती गर्दै आएका छन् । बगरमा किसानले तरुलसहित मुम्फली, सखरखण्ड, तोरी, मकै, रहरी, परबर, बोडीलगायतको खेती गर्ने गरेका छन् । रासस


**माँ जानकी जनकपुरधाम यातायात प्रा.लि.**

**जनकपुरधाम उ.म.न.पा.-७, धनुषा**

**सूचना ! सूचना !! सूचना !!!**

यस प्रा.लि.को मिति २०८१/९/२० गतेको दिन भएको छठौं वार्षिक साधारण सभा तथा तेश्रो अधिवेशनबाट मिति २०८१/९/२९ गते सोमबारका दिन संचालक समितिको निर्वाचन गराउने भनि निर्णय भएकोले निर्णयानुसार सबै शेयर सदस्य ज्यूहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै निर्वाचनको सम्पूर्ण प्रक्रियाहरुको सम्बन्धमा प्रमुख निर्वाचन अधिकृत अधिवक्ता विजय कुमार ठाकुर संग सम्पर्क गरी निर्वाचन सम्बन्धमा जानकारी प्राप्त गरी निर्वाचनमा सहयोग गर्नको लागि अनुरोध छ ।

**महासचिव**



**नेपाल अपाङ्ग संघ**

**खगेन्द्र नवजीवन केन्द्र, जिल्ला शाखा धनुषा, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

यस नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र जिल्ला शाखा धनुषाको मिति २०८१।०९।११ गतेको शाखा कार्यसमितिको बैठकको निर्णय अनुसार **२३ औं शाखा (साधारण) सभा र शाखा कार्यसमितिको निर्वाचन** गर्ने निर्णय भएकोले निम्न, मिति, स्थान र समयमा बैठक बस्ने भएको हुनाले तपसिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गर्नका लागि यस शाखाका सम्पूर्ण आजिवन र साधारण सदस्यज्यूहरुलाई मिति २०८१।९।१४ गतेमा पत्र पठाई सकेको छ । यदि कुनै कारणवस पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उक्त शाखा (साधारण) सभा र शाखा कार्यसमितिको निर्वाचनमा समयमै उपस्थिति भई दिन हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

तपसिल :

**मिति :- २०८१ साल माघ ०५ गते शनिवार**

**समय :- बिहान ९:३० बजे**

**स्थान :- नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र जिल्ला शाखा धनुषा, रामानन्द चौक, जनकपुरधाम-८**

**प्रस्तावहरु :-**

१. शाखाको प्रगति प्रतिवेदन सम्बन्धमा ।
२. शाखा आर्थिक प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. २०७९/०८० र आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।
४. अनुमानित बजेट तथा कार्यक्रम सम्बन्धमा ।
५. शाखा कार्यसमितिको निर्वाचन सम्बन्धमा ।
६. विविध ।

**नोट**:- निर्वाचन सम्बन्धी सम्पूर्ण प्रक्रिया निर्वाचन अधिकृतले सूचना प्रकाशन गरिनेछ ।

**राधेश्याम साह**
**सचिव**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जाडोबाट जोगाउ

जाडो छिपिसकेको छ । तराई मधेशमा कठ्याँग्रिदो जाडो छ। जाडोको कारण जनजीवन प्रभावित हुन थालेको छ। बिहानदेखि सुरु हुने कामकाज बढ्दो चिसोको कारण ढिलाइ हुन थालेको छ। साँझ सबेरै अँध्यारो हुन थालेको छ । रातभरि लाग्ने बाक्लो कुहिरोमा सवारी साधनको आवागमनमा कठिनाई भइरहेको छ । गाडीको बत्तीले अगाडिको सडक पनि राम्ररी देखिदैन् । चिसोको कारण जनजीवनलाई कष्टकर बनाएको छ। ज्येष्ठ नागरिकलाई मात्र नभइ मजदुरी गर्ने अथवा व्यवसाय गर्नेहरुलाई ठण्डाले नराम्ररी प्रभावित गरेको छ। जाडो यसै वर्ष आएको भने होइन् । हरेक वर्ष जाडोमा तराई मधेशको जनजीवन प्रभावित हुने गरेको छ। जाडो मंसिरबाट सुरु भए पनि पुस र माघ महिनामा सर्वाधिक जाडो लाग्छ। दिनमा घाम नलाग्ने र रातिको तापक्रम कम हुने भएकाले दिन रात नै जाडो हुन्छ। सडकमा रात बिताउने अथवा बिहानै देखि काम गर्नुपर्ने बाध्यता रहेकाहरुको संख्या पनि कम्ती छैन्। कठ्याग्रिदो जाडोमा कामगर्दा कतिपय विपन्न, मजदुरको पुरानो रोग बल्झिने गर्छ। चिकित्सकहरुले जाडोकै कारण ज्यान जाने नभएपनि पहिले देखिको कयौं रोग जाडोले बल्झिएर ज्यान जाने गरेको बताउँछन् । सरकारले जाडोलाई पनि दैवीप्रकोपको सूचीमा राखेको छ। तर जाडोबाट जोगाउन पूर्व तयारी गरिदैन्। अत्यधिक जाडोले जनजीवन कष्टकर बनेको बेला न्यानो लुगाको अभाव, तातो खानेकुराको समस्या, खुल्ला आकाशमुनी सुत्नु पर्ने बाध्यता रहेकाहरुलाई सरकारले पहिले नै व्यवस्थागरि जाडोमा न्यानो लुगा, तातो खानेकुरा र सुत्ने पालको व्यवस्था गर्नु पर्छ। हरेक वर्ष जाडोमा कयौं मानिसको ज्यान जाने गरेको छ। त्यसप्रति विभिन्न क्षेत्रले चिन्ता व्यक्त गर्छन् । तर अर्को वर्ष त्यसबाट जोगाउन पूर्व तयारी गरिदैन्। जाडो बढेको बेला चोक र सार्वजनिक स्थलहरुमा मात्र नभइ गरीब बस्तीमा आगोको प्रयाप्त व्यवस्था गरिनु पर्छ। न्यानो लुगा अभाव भएकाहरुलाई लुगा उपलब्ध गराउने र जाडोमा मजदुरी गर्न कठिन भएकाले त्यस्ता परिवारलाई खाद्य सामग्री उपलब्ध गराउन अब ढिलाइ हुन थालेको छ। मानिसको ज्यान जान थालेपछि मात्र सरकार तातिने प्रवृत्तिलाई छाडौ। समयमै सचेत भए जाडोको कारण जाने ज्यानलाई जोगाउ। तर सरकारी निकायले बचाउ भन्दा पनि कमाउमा ध्यान बढी दिने गरेको छ। राहत सामग्रीमा पनि कमिसन खोज्ने प्रवृतिले पूर्व तयारी हुँदैन्। कयौं वर्ष त गमी लाग्न थालेपछि ब्लयांकेट वितरण गरिन्छ। त्यो उपलब्धिमूलक हुँदैन्। जाडोबाट ज्यान जोगाउन सबै निकायले ध्यान दिन आवश्यक छ।

# नेपालमा एम-पक्सको सर्तकता तथा निगरानी



डा प्रकाश बुढाथोकी

नेपालमा पुनः १८ महिनापछि मङ्कीपक्स देखापरेको छ । तनहुँ स्थायी घर भई पुस ४ गते काठमाडौँ आएका सउदी अरेबियामा कार्यरत ३६ वर्षीय पुरुषमा पुस ५ गते सङ्क्रमण पुष्टि भएको हो । उनको टेकु अस्पतालमा आइसोलेसनमा राखी उपचारपश्चात् डिस्चार्ज भइसकेको छ। पहिलो सङ्क्रमित पुस ३ गते विमानस्थलबाट ट्याक्सी चढेर निजी अस्पताल हुँदै सरकारी सरुवा रोग अस्पताल टेकु पुगे भने अर्का ४४ वर्षीय पुरुष पुस १३ गते एक दिन स्वयम्भुमा आफन्तकहाँ बसी आइतबार टेकु अस्पताल पुगे। उनको उपचार भइरहेको छ। नेपालमा पहिलोपटक एक अस्पतालमा उपचाररत ६० वर्षीया विदेशी महिलाको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाइएको नमुनामा मङ्कीपक्स देखिएको स्वास्थ्य मन्त्रालयले २०८० असार १ गते पुष्टि गरेको थियो।

सन् २०२४ सम्मको अफ्रिकाको प्रतिवेदनमा २० देशबाट करिब ६३ हजार बढी नमुनामा १३ हजार ५७९ बढी पुष्टि, मृत्यृ १२ सय बढी छ। सङ्क्रमण तीब्ररुपमा फैलिएपछि अफ्रिकी सीडिसीले गत अगष्ट १२ मा जनस्वास्थ्य सङ्कटकाल तथा विश्व स्वास्थ्य सङ्गठनले अगष्ट १४ मा विश्व स्वास्थ्य आपत्काल (पिएचआइसी) घोषणा गरेको थियो । एम-पक्स हाम्रा लागि नयाँ मानिए पनि विश्वमा पहिलेदेखि नै छ। अफ्रिकी महादेशमा दशकौं अगाडिदेखि नै देखिरहेको छ। तथापि विशेष चर्चा सन् २०२२ मा युरोपमा फैलन थालेपछि भएको हो। सन् २०२२ मा विश्व स्वास्थ्य सङ्गठनले विश्वभर ७५ देशमा १६ हजारजनामा भाइरस पुष्टि भएपछि मंकी-पक्सलाई विश्वब्यापी जनस्वास्थ्य आपतकाल घोषणा गरेको थियो । हाल मंकी-पक्सलाई एम-पक्सको नामले सम्बोधन गरिन्छ।

सन् १९५८ मा पहिलोपटक पश्चिम अफ्रिकाको डेनमार्कमा एक दुर्गम भेगमा एक बन्दी बाँदरमा फेला परेको थियो। त्यसपछि अफ्रिकामा विभिन्न प्रकारका लोखर्के, मुसा, न्याउरी मुसा र विभिन्न प्रजातिका बाँदरमा सङ्क्रमण पाइएको थियो । मानिसमा भने पहिलोपटक सन् १९७० मा अफ्रिकी मुलुक कङ्गोमा नौ महिने बालकमा पुष्टि भएको थियो । त्यतिबेला यो रोग १० अफ्रिकी मुलुकमा फैलिएको थियो। सन् २००३ मा आयातित कुकुर हुँदै अमेरिकामा फैलिएको थियो। एसियामा सर्वप्रथम सन् २०१९ मा सिंगापुरमा नाइजेरियाबाट आएका ब्यक्तिलाई मंकी-पक्स देखिएको थियो। बादरबाट मानिसमा मात्र नभई मानिसबाट मानिसमा सर्न थालेको, धेरैलाई निदान गर्न कठिन भएको, खोप नभएको, सङ्क्रमण तीव्र फैलिँदै गएको तथा अहिलेसम्म सङ्क्रमण नदेखिएका देशमा समेत २१ दिनभित्र देखिनसक्ने भएकाले स्वास्थ्य आपत्काल घोषणा गरिएको सङ्गठनले बताएको छ। सन् २०२२ जुलाईमा युरोप, अमेरिकालगायत देशमा तीव्र रुपमा फैलिई ११० देशमा ८७ हजार बढी सङ्क्रमित र १४० जनाको ज्यान गएको थियो। हालसम्म भारत, नेपाललगायत ११६ देशमा यो रोग देखा परिसकेको छ।

### के कारणले हुन्छ ?

मङ्कीपक्स भाइरसका क्लेड एक-दुई गरी दुई प्रजाति छन्, यसमा क्लेड-१ बढी सङ्क्रामक र घातक छ । सन् २०२२ मा क्लेड-२ भेरियन्टको सङ्क्रमण७० बढी देशमा फैलिदा एम-पक्सलाई जनस्वास्थ्य सङ्कटका रुपमा घोषणा गरेको थियो । अफ्रिकामा देखिएको भेरियन्ट क्लेड-१ हो, जुन समुदायस्तरमै छ तर हाल फैलिएको नयाँ प्रजाति क्लेड-१ बी सङ्क्रमितहरुमध्ये १० प्रतिशत बढीको मृत्यृ हुने गरेको तथ्याङ्क छ। विश्व स्वास्थ्य सङ्गठनले एउटा बिरामीलाई समेत गम्भीर मानेको छ । मध्य एवं पश्चिमी अफ्रिकी देशको जङ्गली स्थानमा पाइने बाँदरबाट मानिसमा सरेकाले मङ्कीपक्स नामकरण गरिएको हो।

### लक्षण कस्तो हुन्छ ?

सामान्यतः सङ्क्रमण भएको २१ दिनपछि ज्वरो आउने, ज्वरो सुरु भएको एकदेखि तीन दिनभित्रमा छाला, अनुहार, हत्केला र पैतालामा डाबर देखा पर्ने, डाबर परिवर्तन भई फोका हुँदै पाप्रा लागेर उप्किने, टाउको, ढाड र मांशपेसी दुख्ने र शरीरका ग्रन्थीहरु बढ्ने गर्छन् । सङ्क्रमणबाट भएको घाउ १४ देखि २१ दिनसम्म रहने र त्यसपछि सामान्यतः आफैँ हराउँछ। बिबिराको प्रकृति चिकनपक्स अर्थात् ठेउला र भिरगीसँग मिल्दोजुल्दो छ।

सङ्क्रमण भएको एकदेखि २१ दिनसम्ममा एम-पक्सको लक्षणहरु देखिने गर्छ र दुईदेखि चार हप्तासम्ममा अधिकांश सङ्क्रमितले स्वास्थ्य लाभ गरिसक्छन् । 'न्यु इङ्लैण्ड जर्नल अफ मेडिसिन'मा प्रकाशित अनुसन्धानमा सङ्क्रमितहरुमध्ये सबैभन्दा बढीमा शरिरको बिशेषत गुप्ताङ, मलद्वारमा घाउ, पानीका फोकाहरु देखिएको छ। लक्षण १४ देखि २८ दिनसम्म रहनसक्छ र पछि सामान्यतः आफैँ हराउँछ। एक व्यक्तिबाट अर्को व्यक्तिमा लक्षण देखिने अवधि दुईदेखि तीन सातासम्म रहन्छ । सङ्क्रमितमध्ये १० प्रतिशतमा स्वास्थ्य जटिलता भएर मृत्यृ हुनसक्छ । गर्भवती, बालवालिका र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरुमा जटिलता हुनसक्छ। सम्भावित जटिलताहरुमा आखामा सङ्क्रमण र दृष्टि गुम्नु, अन्य जीवाणुको सङ्क्रमण, निमोनिया, मस्तिष्क ज्वर, गर्भ खेर जाने र मृत्यृ पर्दछन्।

सङ्क्रमण घातक देखिने वर्गमा बच्चा, दीर्घकालिन रोगी, शरिर कमजोर भएका व्यक्ति पर्दछन् । पछिल्लो समय शारिरीक क्रियाकलापमा लागेका मानिसमा रोग देखिने गरेको छ र यौनरोगसँग सम्बन्धित भनेर पनि लिन सकिन्छ । पछिल्लो समयमा पुरुष समलिङ्गी समूहमा एउटा मात्रै घाउ दिसा गर्ने भागमा वा लिङ्गमा बिबिरा वा पानीको फोकाजस्तो बिबिरा गुप्ताङ्मा देखिएको छ । यसले सङ्क्रमण भएको स्थानबाट आएको व्यक्तिसँग सम्पर्कमा आउँदा वा नजिकको सम्बन्ध बनाएकोमा एउटा मात्र घाउ, बिबिरा आउँदा पनि एम-पक्स हुनसक्छ।

### सर्ने माध्यम के के हुनसक्छ ?

सम्पर्कमा आएका ५० जनामध्ये एक जनामा सर्ने यो रोग अन्य सङ्क्रामक रोग तथा बिबिरा ठेउला र भिरिङ्गीको बिबिरासँग मिल्दोजुल्दो भएकाले स्वास्थ्यकर्मी झुक्किने सम्भावना बढी छ। रोग सङ्क्रमित व्यक्ति वा पशुसँग नजिकको सम्पर्कमा आउँदा तिनीहरुको थुक, र्‍याल, घाउ, खटिरा, शरिरबाट निस्कने तरल पदार्थ, दूषित सतह र मांशपेसीबाट सर्ने गर्दछ। भाइरस स्वासनली, आँखा, नाक वा मुख काटिएको, टोकिएको वा फुटेका छालामार्फत पनि सर्नसक्छ। यस्तै बाँदर,मुसा लोखर्केलगायतका जनावर र भाइरस रहेको ओछ्यान र लुगाबाट पनि सर्न र फैलिन सक्छ। सङ्क्रमितसँगको यौन सम्पर्कबाट पनि सर्नसक्छ। तथापि बिर्यबाट सर्ने प्रमाणित भईसकेको छैन। गर्भवतीमा गर्भबाट बच्चामा सर्नसक्छ। फोका, लुगाफाटोलगायतमा सङ्क्रमणहुँदा सर्ने जोखिम बढी रहन्छ । बिफरकै समूहमा पर्ने मंकीपक्स सङ्क्रमित व्यक्तिको घाउ, हाच्छिउँका छिटा र थुक पनि सार्ने माध्यम भएकाले सजिलै एकबाट अर्कोमा सर्नसक्छ। तरल पदार्थ स्वासनली, आँखा, मुख वा नाकबाट छिर्नसक्छ । पानीका फोका देखिएर अस्पताल पुग्ने चलन नभएकाले सर्ने माध्यमका बारेमा जानकारी दिई फैलन नदिने नै राम्रो हो। कोभिडजस्तो छिटै सर्ने र घातक नभएकाले आत्तिहाल्नु पर्दैन।

धेरैजसो लक्षणबाट त्यो बाहेक छालाको जाँच र फोकाको पीसीआरबाट पत्ता लगाइन्छ। फोकाबाट लिइएको नमुनाको मन्किपक्स भाइरल पोलिमरेज चेन रिएक्सन–पीसीआरबाट रोगको निदान गरिन्छ । नमुना छाला, तरल पदार्थ क्रस्ट वा बायोप्सीबाट निकालिन्छ । एन्टिजेन र एन्टिबडी परीक्षणले अर्थोपक्स भाइरसबीचको फरक पत्ता लगाउन नसक्ने भएकाले उपयोगी हुँदैन।



### उपचार तथा रोकथाम के हो त ?

धेरैजसो मानिसमा यस्ले कुनै जटिलता नल्याउने र दुईदेखि चार हप्तामा आफैँ निको हुन्छ । तथापि, बच्चा, बृद्धबृद्धा र दीर्घरोगीलाई भने च्याप्ने र छाला, आँखा तथा अङ्गको सङ्क्रमण, निमोनिया, इन्सेफलाइटिस जस्ता जटिलता ल्याउने गर्छ । रोगको मृत्यृदर शून्यदेखि ११ प्रतिशत छ। सिकिस्त बिरामीका लागि एन्टिभाइरल औषधि टेकोभिरिम्याट पनि उपलब्ध छ।

कोरोना सङ्क्रमणमा अपनाइएका मास्कको प्रयोग, हावा ओहरदोहर गर्ने स्थान, साबुनपानीले हातको सरसफाइजस्ता स्वास्थ्य मापदण्ड पालनालाई निरन्तरता दिनपर्छ। सङ्क्रमितले प्रयोग गरेका लुगाफाटा, बिछ्यौनालाई निसङ्क्रमित गरेर मात्र अन्यले प्रयोग गर्नपर्छ। सन् १९८० मा उन्मुलन भएको बिफरका लागि प्रयोग हुने खोप मंकीपक्समा ८५ प्रतिशत प्रभावकारी रहेको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ । सङ्क्रमण भएको चार दिनभित्र खोप लिन सकिन्छ र चारदेखि १४ दिनभित्रमा खोप दिनसके सङ्क्रमणको जटिलतालाई धेरै हदसम्म कम गर्न सकिन्छ। बिफरको एन्टिभाइरल औषधि प्रयोग गर्न सकिने भए पनि सजिलै उपलब्ध छैन र खोप नै सफल मानिन्छ।

बिफर उन्मुलन भइसकेकाले त्यसको खोप बिश्वमा पाउन गाहे छ । बजारमा पर्याप्त मात्रामा नभए पनि अन्कारा नामक खोपको दुई मात्रा लगाउन सकिन्छ । यो खोप सन् २०१९ देखि अमेरिका, क्यानाडा युरोपमा मान्यता प्राप्त छ। उच्च जोखिममा भएका स्वास्थ्यकर्मी, ल्याबमा काम गर्नेले खोप लगाउँदा हुन्छ । बिगतदेखि नै समलिङ्गी बढी सङ्क्रमित छन्। बिफरको खोपले मुटुको मांशपेसी सुजन, रोग प्रतिरोधात्मक क्षिमता दबाउने, एचआइभीजस्ता रोग लागेकालाई पनि जोखिम छ भने एक्जेमाका बिरामीलाई प्राणघातक छ । नयाँ पुस्ताका खोप जिन्नेइओसजस्ता खोप ठूला समूहलाई दिन सुरक्षित छन। तथापि, अहिलेका लागि सङ्क्रमण रोक्न रिङ्ग भ्याक्सिनेसन नै पर्याप्त छ। हाल प्रयोगमा आइरहेको एम पक्स भाइरसको सक्रिय भाइरस प्रयोग भएकाले एसिएएम २००० नामक खोपले इम्युनोकम्प्रोमाइज्ड ब्यक्तिमा प्रयोगमा नल्याउन सिडिसीले अनुरोध गरेको थियो । निस्क्रिय भाइरस प्रयोग गरिएको कम असर हुने जेन्नोइज नामक खोप पनि उपलब्ध छ।


रोकथामका लागि स्मलपक्स सङ्क्रमणविरुद्ध प्रयोगमा ल्याइएको एसिएम २०० र जेनिओज नामक खोप हाल प्रयोगमा ल्याइएको छ। सामान्यतया बिफर उन्मलन भइसकेपछि उपचारका लागि तयार पारिएका खोप र औषधिलाई जैविक हतियारको रुपमा प्रयोग गर्न सरक्षित राखिएको थियो । सिडिसीले बिफरको उपचारमा प्रयोग गरिने दुई एन्टिभाइरल औषधि टिपीओएक्स र सिडोफोभिर मंकीपक्सविरुद्ध प्रयोग गर्न अनुमति समेत दिएको छ। कुनै खोप नभए पनि बिफरको खोप ८५ प्रतिशत प्रभावकारी हुने विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ।

असुरक्षित यौन सम्पर्कबाट पनि सरेकाले कण्डम प्रयोग गर्न र यौन साथीहरु परिवर्तन गरेकामा लक्षणहरुमा ध्यान दिनपर्छ । भाइरस बोक्नसक्ने जनावरहरु, बिरामी वा मरेका जनावर, बादर, मुसाजस्ता सङ्क्रमणको इतिहास भएकाहरुको सम्पर्कमा आउनु हुँदैन। संदिग्ध जनावर वा मानिससँग सम्पर्कमा आएपछि स्यानिटाइजर वा साबुनपानीले हात धुने गर्नपर्छ । सङ्क्रमित वा संदिग्धको हेरचाह गर्दा पीपीई लगाउने, राम्रोसँग पकाएको मासु मात्र खाने र मङ्कीपक्स सतह र सामग्रीमार्फत पनि सर्नसक्ने भएकाले बिरामी ब्यक्ति वा जनावरको सम्पर्कमा रहेका सामग्रीहरु छुनु हुँदैन।

विश्वभर मानव आवतजावत कायम रहेकाले रोकथाम सजिलै होला जस्तो पनि देखिदैन । त्यसैमा नेपाल ट्रान्जिट प्वाइन्ट र आवतजावतले निरन्तरता पाइरहेकाले उच्च जोखिममा रहेको हो। सङ्क्रमणङफैलिएका देशबाट आउने तथा पर्यटकको आगमनमा पनि बढोत्तरी नै छ। विदेशबाट आएकालाई कम्तिमा दुईदेखि तीन हप्ता क्वारेन्टाइनमा बस्ने भने पनि कार्यान्वयनमा छैन। सम्भावित जोखिम भएका देशबाट आउनेमाथि निगरानी राख्ने र क्वारेन्टिनमा राख्नपर्छ । सङ्क्रमितलाई तीन हप्ता आइसोलेसनमा राखी कन्ट्याक्ट ट्रेसिङ अनिवार्य गर्नपर्छ । संक्रमितलाई २१ दिन आइसोलेसनमा राख्नुपर्छ । मंकीपक्सको सङ्क्रमण पुष्टि भई बिरामी भएका वा मरेका जनावरको सम्पर्कमा नजाने, सङ्क्रमितको सम्पर्कमा आएकाले परीक्षण गर्ने, सम्पर्कमा आएको सतह, स्थान वा कोठा निसङ्क्रमण गर्ने, मासुजन्य खानेकुरा राम्ररी पकाएर मात्र खाने तथा फोहरलाई उचित स्थानमा व्यवस्थापन गर्नपर्छ।

अन्तमा, सरकारले निगरानी, फोकल अस्पताल र व्यक्ति, परीक्षण, परामर्श र उपचारको व्यवस्था गरेको छ । तथापि, आम नागरिक जिम्मेवार नहुँदा सरकारको तयारी मात्र पर्याप्त हुँदैन । तसर्थ, ज्वरो आएको तीन दिनभित्र अनुहार, हत्केला र पैतालामा डाबर देखिए स्वास्थ्य मन्त्रालयको हटलाइन ११११५ मा जानकारी गराउनपर्छ । एमपक्सको शङ्का वा पुष्टि भएको व्यक्तिसँग असुरक्षित सम्पर्कमा नजाने, सङ्क्रमित व्यक्तिलाई घर वा अस्पतालमा आइसोलेसनमा राख्ने, सङ्क्रमित व्यक्तिको हेरचाह गर्नेले पूर्णरुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने, घाउसँग प्रत्यक्ष सम्पर्क हुनसक्ने जोखिममा पञ्जा लगाउने, नियमित रुपमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने, सङ्क्रमितका लुगा, तौलिया, ओछ्यान, भाडाहरु तातोपानी, साबुन, डिटरजेन्टले धुने गर्नपर्छ । (लेखक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुनुहुन्छ)

# प्रतिस्पर्धा पुँजीवादको पेवा होइन



काजी गुरुङ

प्रतिस्पर्धा र सहकार्य मानव जातिको जन्मजात स्वभाव हो। जब मानव सभ्यताको विकास भयो, तब कुनै न कुनै रूपमा सहकार्यसँगै प्रतिस्पर्धाको पनि सुरुवात पक्कै भयो। समाजको ऐतिहासिक विकास क्रमसँगै बरु यिनले आफ्ना स्वरूप बदलिरहेका छन्, आफूलाई समयसापेक्ष बनाइरहेका छन्।

प्राचीन ग्रिसको नगरराज्यमा भएको प्रजातान्त्रिक/जनवादी अभ्यासदेखि आजको २१औँ शताब्दीको लोकतान्त्रिक अवधारणामा आएका परिवर्तनको चरणलाई हेर्ने हो भने प्रतिस्पर्धाको व्याख्या, पुर्नव्याख्या र विकास निरन्तर भइरहेकै छन्।

सुरुवाती चरणमा मानव समाजमा सहकार्य र प्रत्यक्ष सहभागितामूलक प्रजातन्त्र स्थापित थियो। त्यतिबेला मानिसको सङ्ख्या, ज्ञान र अनुसन्धानका क्षेत्र सीमित थिए। तर ज्ञान-विज्ञानमा भएको नयाँ खोज तथा प्रयोग अनि मानिसको जनसङ्ख्यामा हुँदै गइरहेको उल्लेख्य वृद्धिका कारण प्रतिनिधिमूलक संस्था, प्रतिस्पर्धा र प्रतिनिधि शाषित प्रजातन्त्रको अवधारणाको विकास भयो। आज विश्वमा कुनै न कुनै प्रकारको प्रतिनिधिमूलक प्रतिस्पर्धासहितको राज्य व्यवस्था चलिरहेको छ।

संसदीय वा गैरसंसदीय लोकतान्त्रिक व्यवस्था वा साम्यवादी समाजवादी राजनीतिक प्रणाली भएका सबै देश प्रतिनिधिमूलक र प्रतिस्पर्धात्मक अभ्यासको जगमै अस्तित्वमा छन्। त्यसका स्वरूप र व्याख्या भने आ-आफ्नै हुन सक्छन्। आज विश्व सहभागीमूलक र प्रतिस्पर्धात्मक राजनीतिक प्रणालीमा अगाडि बढिरहेको छ।

प्रतिस्पर्धा र सहकार्य पुँजीवाद र समाजवादभन्दा जेठो विषय हो। बरु यो अवधारणालाई कसरी प्रयोग गर्ने भन्ने विषयमा समाजवादी र पुँजीवादीबिच मतभेद हुने गरेको सत्य हो।

प्रतिस्पर्धा र सहकार्य पुँजीवाद र समाजवादभन्दा जेठो विषय हो। बरु यो अवधारणालाई कसरी प्रयोग गर्ने भन्ने विषयमा समाजवादी र पुँजीवादीबिच मतभेद हुने गरेको सत्य हो। कुनै समय सम्पत्तिका आधारमा, लिङ्गका आधारमा, दास तथा मजदुर र मालिकको वर्गीकरणका आधारमा भोट हाल्न पाउने र नपाउने व्यवस्था गरिएका, भोट हाल्न पाए पनि वर्गका आधारमा मतभार निर्धारण हुने व्यवस्था भएका सामन्तवादी, पुँजीवादी मुलुक थिए तर आज यो अवधारणामा व्यापक परिवर्तन भएको छ। बेलायत, अमेरिका, जर्मनजस्ता आजका अति विकसित भनिएका मुलुकले महिलालाई मताधिकार नदिएको समयमा समाजवादी व्यवस्था रहेको सोभियत रुसले महिला र पुरुषलाई समान मताधिकार दिएको तथ्य पनि इतिहासमा दर्ज भएको छ।

प्रतिस्पर्धा नै अन्तिम सत्य भन्ने होइन, तर यो एउटा प्रक्रिया हो। पुँजीवादीले प्रतिस्पर्धालाई आफ्नो निजी विचार जसरी प्रचार गरेका राम्रै छैनन्, प्रयोग समेत गरेर समाजवादीहरूलाई प्रतिस्पर्धाविरोधी भनेर हल्ला चलाएका छन्। यो कुरामा उनीहरू केही हदसम्म सफल पनि भए। उता कम्युनिस्ट समाजवादी भने आफ्नो जनवादी केन्द्रीयता र जनवादलाई पूर्ण रूपमा प्रयोग र प्रचार गर्न कतै न कतै चुक्न पुग्यो। आज समय बदलिइसकेको छ। पुँजीवाद र समाजवादका शास्त्रीय मान्यतामा क्रमिक रूपान्तरण र विकास भइरहेको छ। आवश्यकताका आधारमा आफ्ना नीतिगत कार्यक्रममा लचकता अपनाउँदै सबै विचारधारी अगाडि बढिरहेको पाइन्छ।

नयाँ खोज, अनुसन्धान तथा प्रयोग क्षमता र प्रतिभाहरूको प्रतिस्पर्धाबाट आजको चामत्कारिक विश्व सम्भव भएको हो। प्रतिस्पर्धा भनेको आवधिक निर्वाचन मात्रको कुरा होइन। आज कहाँ प्रतिस्पर्धा छैन ! अर्थतन्त्र, संस्कृति, सूचना तथा सञ्चार, खेलकुद, अनुसन्धान, सुरक्षा र हतियार, कूटनीति, प्रविधि, विचार र राजनीति, व्यक्तिहरूबिच, संस्थाहरूबिच अनि राज्यहरूबिच– सबैतिर प्रतिस्पर्धा छ। तसर्थ प्रतिस्पर्धा कुनै पनि विचारधाराको पेवा हुन सक्दैन। अनि पुँजीवादको मात्र कसरी हुन सक्छ ?

भूगोल, जनता र देश सबैको साझा हुन्छ, तर सरकार कानुनी रूपमा साझा भए पनि सबैको साझा हुन सक्दैन। किनकि त्यो निश्चित विचार बोकेका प्रतिनिधिहरूको संस्था हो। त्यहाँ केही न केही सीमितता देखिन्छ। त्यो वैधानिक निकाय भएको हुनाले आफू अनुकूल कानुन निर्माण गरेर पक्षधरता देखाउने प्रयत्नहरू राजनीतिक शक्तिहरूले जारी राखेका हुन्छन्।

हाम्रो नेपाली समाजमा प्रतिस्पर्धासम्बन्धी केही अतिवादी बुझाइ पनि छन्। प्रतिस्पर्धा भनेको त पैसावाल पुँजीपतिवालाले गर्ने हो, कम्युनिस्ट भएर के प्रतिस्पर्धा गर्ने ! कम्युनिस्टहरूले त सके कब्जा गर्ने नसके सिद्धिने हो, अथवा कम्युनिस्टमा प्रतिस्पर्धी क्षमतै हुँदैन– मानिसहरू यस्तै ठानिरहेका हुन्छन्, वास्तविकता यो होइन। प्रतिरोधी र प्रतिस्पर्धी क्षमता सबैसँग हुन्छ।

प्रतिस्पर्धा भनेको त पैसावाल पुँजीपतिवालाले गर्ने हो, कम्युनिस्ट भएर के प्रतिस्पर्धा गर्ने ! कम्युनिस्टहरूले त सके कब्जा गर्ने नसके सिद्धिने हो, अथवा कम्युनिस्टमा प्रतिस्पर्धी क्षमतै हुँदैन– मानिसहरू यस्तै ठानिरहेका हुन्छन्, वास्तविकता यो होइन। प्रतिरोधी र प्रतिस्पर्धी क्षमता सबैसँग हुन्छ।

हरेक व्यवस्था र प्रक्रियामा केही न केही खोट अवश्य हुन्छ, आलोचनारहित केही हुँदैन, नत्र त द्वन्द्ववाद नै हुँदैन। त्यसो भएकाले आवश्यक र सार्वभौम पक्षलाई अस्वीकार गरेर अगाडि बढ्न सकिने अवस्था रहँदैन। बदलिँदो जनमनोविज्ञान, आजको भू-राजनीतिक जटिलता, आफ्नो शक्ति सञ्चयको स्थिति, विरोधी र प्रतिस्पर्धी शक्तिको अवस्था, जनताको वैचारिक धरातल, नयाँ सम्भावनाको उदय र विकल्पको खोजी, आन्दोलन र अनुभवको एकीकृत उपलब्धिको वैधानिकीकरणको विषय पनि महत्त्वपूर्ण हुन्छ। यी सबै विषयलाई नजरअन्दाज गरेर हिंड्दा उपलब्धिभन्दा क्षति ज्यादा हुने हुन्छ। त्यसैले ठोस परिस्थतिको ठोस विश्लेषण गरिनुपर्छ भनिएको हो।

बरु प्रतिस्पर्धालाई कसरी जनपक्षीय बनाउन सकिन्छ, राष्ट्रहितमा प्रयोग गर्न सकिन्छ भन्ने विषय महत्त्वपूर्ण हुन्छ। प्रतिस्पर्धाका माध्यमबाटै राज्यहरू विभाजन भएको, एकीकृत भएको, तानाशाहहरू ढलेको, तानाशाहहरू जन्मेको, राजनीतिक शक्तिहरू सिद्धिएको र जन्मिएको प्रशस्त उदाहरण छन्। आजको विश्व लडाइँमा प्रतिस्पर्धा गरिरहेको छ, चुनावमा प्रतिस्पर्धा गरिरहेको छ, विभिन्न प्रकारका विश्व सङ्गठनको नेतृत्व लिने कुरामा प्रतिस्पर्धा गरिरहेको छ। तसर्थ प्रतिस्पर्धालाई निरपेक्षभन्दा पनि सापेक्ष रूपमा बुझ्दा उचित हुन्छ। प्रतिस्पर्धा आन्तरिक वा बाह्य, समविचार वा भिन्न विचार बोकेका शक्तिबिचमा हुन्छ। यो व्यवस्था व्यवस्थाबिचमा पनि हुन सक्छ। राजनीतिक शक्ति हासिल गर्ने विभिन्न मार्गमध्ये यो एउटा वैधानिक र शान्तिपूर्ण मार्गको रूपमा स्थापित छ।

जनता, भूगोल, सरकार, सार्वभौमसत्ता र अन्तर्राष्ट्रिय मान्यताको प्याकेजको समग्रता सार्वभौम देश हो। कुनै पनि देश निश्चित विधिद्वारा सञ्चालित हुन्छ। राजनीतिक प्रतिस्पर्धा एउटा जनमत र जनभावनाको नेतृत्व गर्ने विधि हो, प्रक्रिया हो र साधन र साध्य दुवै हो, तर निर्वाचन भनेको प्रतिस्पर्धाभित्रको एक अंश हो। तसर्थ सैद्धान्तिक रूपमा यो कुनै पनि विचारधाराको निजी मामला हुन सक्दैन, पेवा हुन सक्दैन। पुँजीवाद र प्रतिस्पर्धा भनेको एउटै विषय होइन। यी दुवै फरक-फरक अवधारणा हुन्।

(लेखक गुरुङ नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्य हुन्।)

# मानव सेवाभन्दा ठूलो अर्को धर्म छैनः राष्ट्रपति




काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले मानव सेवाभन्दा ठूलो अर्को धर्म नभएको बताउनुभएको छ। मानवसेवा आश्रमको वृत्तचित्र प्रस्तुति कार्यक्रममा राष्ट्रपति पौडेलले मावन सेवा जस्तो सत्कार्यले मानव जीवनलाई सार्थक बनाउने भएकाले यसलाई हाम्रो जीवन पद्धतिका रुपमा अपनाउनुपर्नेमा जोड दिनुभयो ।

मानवता र नैतिकतामा सङ्कुचन देखिँदै गरेको अहिलेको हाम्रो समाजलाई सही बाटोमा हिँडाउन मानव सेवाले प्रेरित गर्ने उहाँको भनाइ थियो । राष्ट्रपति पौडेलले मानव सेवा आश्रमले आफ्नो स्थापनाकालदेखि नै ‘जसका कोही हुँदैनन् र जसको कोही हुँदैन उनैको सेवामा समर्पित हुने’ मानवता प्रवर्द्धन महाअभियानमार्फत सहयोगापेक्षी सडकआश्रित मानवहरूको मानवोचित व्यवस्थापनसहित औषधोपचार, पालनपोषण र जीवन रक्षाका लागि देखाएको सक्रियता सबैका लागि प्रेरणादायी भएको बताउनुभयो ।

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममार्फत नेपाल सरकारले लिएको सडक मानवको उद्धार, संरक्षण र पुनःस्थापनामा संलग्न सङ्घसंस्थासँग समन्वय र सहकार्य गरी २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाइने नीतिलाई मानवसेवा आश्रमले सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल घोषणा तथा कार्यान्वयन गर्ने प्रतिबद्धतासहित आफ्ना गतिविधि केन्द्रित गरेर कार्यान्वयनमा सहयोगी बनेको राष्ट्रपति पौडेलको भनाइ थियो ।

त्यस अवसरमा तेस्रो मेचीकाली राष्ट्रिय उद्धार यात्र, २०८१ सम्बन्धी वृत्तचित्र प्रस्तुत गरिनुका साथै यात्राका मुख्य अभियान्ता मानव सेवा आश्रमका अध्यक्ष रामजी अधिकारी र उपाध्यक्ष होमनाथ खतिवडालाई राष्ट्रपतिले सम्मान गर्नुभएको थियो । आश्रमका अध्यक्ष अधिकारीले यात्राको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।रासस

# प्रतिक्रियावादी शक्तिहरु आतङ्कित भएका छन् : प्रधानमन्त्री



“पार्टीभित्र गुटबन्दी र अराजकता अन्त्य गर्नैपर्छ । लोकतन्त्रका नाममा पार्टीभित्र गुटबन्दी गरेर भाँडभैलो मच्चाउने कार्यले पार्टीलाई बलियो बनाउँदैन । बहकाउमा लागेर होइन, एउटै नीतिमा अडिग भएर पार्टी र देशको स्वार्थलाई केन्द्रमा राखेर हामी अगाडि बढ्नुपर्छ ।”

काठमाण्डु । प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशभक्त, प्रगतिशील र जनवादी शक्ति एकजुट भएकाले प्रतिक्रियावादीहरु आतङ्कित भएका बताउनुभएको छ।

आइतबारदेखि च्यासलमा सुरु भएको एमाले केन्द्रीय कमिटीको आठौँ बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रतिक्रियावादीहरु एमालेविरुद्ध झुठा प्रचारमा लागेका टिप्पणी गर्नुभयो । एमालेको लोकप्रियतादेखेरत्यसलाई क्षीण पार्ने तथा एमालेलाई बदनाम गर्न विरोधीहरु लागेका बताउँदै अध्यक्ष ओलीले एकताबद्ध भई झुठा प्रचार चिरेर पार्टीलाई निर्णायक शक्ति बनाउन जनस्तरमा लाग्न पार्टीका सबैलाई आग्रह गर्नुभयो ।

“हामी विरोधीका आरोपमाथि चुप लागेर बस्नु हुँदैन । चुप लागेर बस्नुपर्छ भन्ने कमजोर धारणा हो । विरोधीका आरोपबारे तथ्यका आधारमा खण्डन गर्नुपर्छ । हाम्रा सबै सङ्गठनहरु उत्साहित भएर व्यक्ति-व्यक्ति र घरघरमा पुग्नुपर्छ । वैचारिक कामलाई उत्तिकै महत्व दिनुपर्छ”, अध्यक्ष ओलीले भन्नुभयो, “पार्टीभित्र गुटबन्दी र अराजकता अन्त्य गर्नैपर्छ । लोकतन्त्रका नाममा पार्टीभित्र गुटबन्दी गरेर भाँडभैलो मच्चाउने कार्यले पार्टीलाई बलियो बनाउँदैन । बहकाउमा लागेर होइन, एउटै नीतिमा अडिग भएर पार्टी र देशको स्वार्थलाई केन्द्रमा राखेर हामी अगाडि बढ्नुपर्छ ।”

पार्टीका आन्तरिक विषय सार्वजनिक खपतका लागि प्रस्तुत नगर्न आग्रह गर्दै अध्यक्ष ओलीले पार्टीलाई विभाजन गरेर वा सिध्याइयो भनेर खुसी मनाउ गर्नेहरु पश्चाताप गरिरहेका टिप्पणी गर्नुभयो ।बैठकमा अध्यक्ष ओलीले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमा नयाँ राजनीतिक मार्गचित्र, एमाले र नेपाली कांग्रेससँगको गठनबन्धनको आवश्यकता, औचित्य र अवसर, वर्तमान गठनबन्धनपछिका छ महिना, बदलिँदो विश्व परिवेश र मुलुकको पराराष्ट्र नीति, स्थानीय तह उपनिर्वाचनको समीक्षा र निर्णायक राष्ट्रिय शक्तिको निर्माणलाई समेट्नुभएको छ ।

नयाँ सरकार गठनपछि राजनीतिक स्थायित्वको सन्देश प्रवाह भएको, साझा नीतिगत प्रतिबद्धता र सङ्कल्प जारी भएको, सरकार सञ्चालनमा सहजीकरणका लागि आवश्यक संरचना बनाइएको, अर्थतन्त्रमा सुधार आएको, सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन पारित भएको, राष्ट्रियहितको रक्षा र सन्तुलित बाह्य सम्बन्ध कायम गरिएको, सहकारी क्षेत्रको बेथिति अन्त्यगरी बचतकर्तालाई न्याय तथा अनियमिततामा संलग्नलाई सजाय गरिएको र विकास-निर्माणले गति लिएको मुख्य जानकारी गराउनुभयो ।

बैठकमा राजनीतिक प्रतिवेदनका साथै साङ्गठनिक कामको सङ्क्षिप्त जानकारी, गत वैशाखमा भएको राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठकपछिका केन्द्रीय सचिवालय र पोलिटब्युरो बैठकका निर्णयहरुबारे जानकारी, केन्द्रीय आयोगका अध्यक्षहरुको सम्बोधन र समसामयिक विषयमा महासचिव शङ्कर पोखरेलले बैठकमा जानकारी गराउनुभएको थियो।

बैठकले पोलिटब्युरो सदस्य सूर्यबहादुर थापाको संयोजकत्वमा केन्द्रीय सदस्यहरु निरज आचार्य र विष्णु रिजाल रहेको ‘बहस नोट कमिटी’ तथा केन्द्रीय प्रचार विभागका प्रमुख राजेन्द्र गौतमको संयोजकत्वमा स्थायी कमिटी सदस्यहरु रघुजी पन्त र खगराज अधिकारी रहेको समसामयिक प्रस्ताव समिति गठन गरेको छ ।रासस

## ‘दलित समुदायको उत्थानका लागि राज्यले ठोस योजना बनाउन जरूरी’

मनहरी । बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले दलित समुदायको उत्थानका लागि राज्यले ठोस योजना बनाएर कार्यान्वयन गर्न जरूरी रहेको बताउनुभएको छ ।

राष्ट्रिय दलित आयोग बागमती प्रदेशले प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/०८१ को प्रगति प्रतिवेदन ग्रहण गर्दै आइतबार उहाँले दलित तथा सीमान्तकृत समुदायका सवाल र समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउने बताउनुभयो। प्रदेश प्रमुख देवकोटाले राज्यको मूलधारमा दलित समुदायको प्रतिनिधित्व बढाउन आवश्यक कार्यक्रम तय गर्न प्रदेश सरकारसँग पनि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

आयोगका प्रवक्ता सुन्दर पुर्कुटीले नेपालको संविधानको धारा २९४ (३) बमोजिम प्रदेश प्रमुख देवकोटासमक्ष प्रतिवेदन पेस गर्नुभएको थियो। उहाँले प्रतिवेदनमा आयोगका वार्षिक कार्यक्रम, सिफारिस, सुझाव र तिनको कार्यान्वयनको अवस्था, अवसर, चुनौती र आगामी कार्यदिशालगायत विषय समेटिएको बताउनुभयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धताअनुसार सरकारले नीति, कानुन, रणनीतिक योजना, कार्यक्रम र बजेटमा समेट्न नसकेका विषयमा समेत प्रतिवेदनमार्फत ध्यानाकर्षण गराइएको उहाँले जानकारी दिनुभयो। राष्ट्रिय जनगणना, २०७८ अनुसार बागमती प्रदेशमा दलित समुदायको जनसङ्ख्या तीन लाख ५९ हजार पाँच सय ११ जना रहेको छ ।रासस

# हुलाक सेवाको पुनःसंरचनामा सचिव अर्यालको जोड

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्रालयका सचिव राधिका अर्यालले सूचना प्रविधिको पहुँच नभएका ग्रामीण भेगमा सरकार र जनतालाई जोड्ने भरपर्दो माध्यम हुलाक सेवा भएको बताउनुभएको छ।

उपत्यकाव्यापी अन्तर-सामुदायिक विद्यालयस्तरीय वादविवाद प्रतियोगिताको आइतबार उद्घाटन गर्दै उहाँले तीन वटै तहका सरकारबीच समन्वय गरी हुलाक सेवा पुनःसंरचना गरी अझ प्रभावकारी बनाउन आवश्यक भएको बताउनुभयो । सचिव अर्यालले भन्नुभयो, “हुलाक सेवा अत्यावश्यक हो, विपद्मा पनि यो सेवालाई रोक्न मिल्दैन, यो राज्यको दायित्व हो।”



हुलाक सेवा विभागद्वारा ‘सूचना प्रविधिको उच्चतम प्रयोग भइरहेको वर्तमान परिवेशमा हुलाक सेवाको सन्दर्भिकता छ वा छैन ?’ शीर्षकमा भएको प्रतियोगितामा २६ विद्यालयका २९ जना छात्रछात्रा सहभागी छन् । सचिव अर्यालले प्रविधिमा आश्रित आजको युगमा हुलाकले नयाँ पुस्ताको माग र चाहनालाई कसरी सम्बोधन गर्न सक्ला भन्ने छात्रछात्राबाट पक्ष र विपक्षमा प्रस्तुत विचारले आफू प्रभावित भएको बताउनुभयो।

हुलाका सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पङ्गेनीले विद्यालयमा आयोजना हुने यसप्रकारका प्रतियोगिताले विद्यार्थीले क्षमता प्रस्फुटन गराउनमा सहयोगी हुने धारणा राख्नुभयो । विभागका निर्देशक ध्रुवराज आचार्य र निर्णायक मण्डलका सदस्य मातृका कार्कीले परेवाका माध्यमबाट सूचना आदानप्रदान गर्ने इतिहास रहेकामा हुलाक सेवाको स्थापनाले आधुनिक युगमा सूचनाको पहुँचलाई सहज तुल्याएको घटना बताउनुभयो ।

हुलाक सेवा विभागका निर्देशक तथा निर्णायक मण्डलका अध्यक्ष विशाल सापकोटाले अत्याधुनिक प्रविधिको उच्चतम प्रयोग गरिरहेका विश्वका कतिपय मुलुकले हुलाक सेवाको महत्वका आधारमा सेवालाई परिस्कृत र सर्वव्यापी बनाउँदै लगेको धारणा व्यक्त गर्नुभयो।

उहाँले नेपालको निजामती सेवामा सामुदायिक विद्यालयका उत्पादनकै बाहुल्यता रहेको सन्दर्भमा यसको महत्व उजागर गर्न उपत्यकाव्यापी अन्तर-सामुदायिक विद्यालयका छात्रछात्राबीच प्रतियोगिता गरिएको बताउनुभयो । नेपाल फिलाटेलिक सङ्घका कार्यवाहक अध्यक्ष चन्द्रमणि श्रेष्ठले सूचना प्राप्तिको उच्चतम प्रविधिको अभ्यास भइरहेको वर्तमान विश्वमा हुलाक सेवाको महत्व उत्तिकै सान्दर्भिक रहेको धारणा व्यक्त गर्नुभयो।

चिठीपत्र, खबर र सूचना एकस्थानबाट अर्को स्थानमा पुर्‍याउने प्राचीन माध्यम (सेवा) हुलाकको सुरुआत बेलायतबाट सन् १५१६ मा भएको थियो । विश्वमै हुलाकलाई अत्यावश्यक सेवाकारुपमा लिने गरिएको छ भने विश्वका १९२ देशमा सरकारी सेवाकारुपमा हुलाक सेवा छ।

नेपालमा विसं १९३५ मा हुलाक सेवा स्थापना भएको थियो। वार्षिक ३० लाख हुलाक वस्तुको कारोबार र रु ६३ करोड आम्दानी हुलाक सेवाबाट हुँदैआएको छ । अहिले पनि हुलाक सेवालाई विश्वासिलो र गोपनीयताका हिसाबले ज्येष्ठ र सर्वश्रेष्ठका रुपमा लिने गरिएको छ। हुलाक सेवा विभागले हालसम्म एक हजार चार सय ३७ प्रकारका हुलाक टिकट मुद्रण गरिरहेको छ ।प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्नेलाई क्रमशः रु १५ हजार, रु १२ हजार पाँच सय, रु १० हजार र रु सात हजार पाँच सय र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ ।रासस

# बाढीपहिरोबाट क्षतिग्रस्त भौतिक संरचना तीव्र गतिमा पुनर्निर्माण गरिने



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले भूकम्प र बाढीपहिरोबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण तीव्र गतिमा अघि बढेको बताउनुभएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको २८औँ बैठकमा गृहमन्त्री लेखकले विपद्बाट भएको क्षतिको मूल्याङ्कन र पुनःनिर्माण तीव्र रुपमा अगाडि बढ्ने बताउनुभएको हो।

“डोटी, बाजुरा, बझाङ र जाजरकोटको भूकम्प तथा बाढी पहिरोले उत्पन्न विपद्बाट भएको क्षतिबारे विपद् क्षतिको मूल्याङ्कन (डिडिए)को काम सुरु गर्ने र डिडिए भइसकेको ठाउँमा पुनःनिर्माणको अगाडि बढाउने आइतबारको बैठकले निर्णय गरेको छ”, उहाँले भन्नुभयो।

विपद् क्षतिको मूल्याङ्कन भइसकेको ठाउँमा पुनःनिर्माणका लागि आवश्यक कानुनी र आर्थिक विषयमा निर्णय भएको गृहमन्त्री लेखकले बताउनुभयो । “विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी मापदण्ड केही समयअघि पारित भइसकेको छ। सोहीसम्बन्धी कार्यविधि आज पारित गरेका छौँ । आगामी माघ तेस्रो साताबाट जाजरकोट भूकम्पको विपद् क्षतिको मूल्याङ्कन सुरु हुनेछ”, उहाँले भन्नुभयो।

उक्त निर्णय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठकमा प्रस्तुत गर्ने उहाँको भनाइ छ । गृहमन्त्री लेखकका अनुसार आइतबार साँझ ७ बजे प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा प्रधानमन्त्री निवास बालुवाटारमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठक बस्दैछ। आइतबारको परिषद् बैठकले निर्णय गरिसकेपछि पुनःनिर्माणको कामले तीव्रता पाउने मन्त्री लेखकको भनाइ छ ।रासस


मधेश प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**जनकपुरधाम, धनुषा**

**प्रस्ताव Improvised portable शित भण्डार निर्माण छनौटका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२२

यस मन्त्रालयको चालु आ. व.२०८१/०८२ को स्वीकृत कार्यक्रम “क्ष्उचयखष्कभम उयचतबदभि शित भण्डार निर्माण कार्यक्रम” सञ्चालन गर्न छनौटका लागि ईच्छुक आवेदक (कृषि/पशुपन्छी/मत्स्य क्षेत्रमा संलग्न सहकारी/कृषक समूह/फार्म/कम्पनी/उद्योग/बजार समिति) ले यो सूचना प्रकाशित भएको मितिले एक्काईस (२१) दिन भित्र कार्यालय समयमा तपसिल अनुसारको कागजातहरु सहित प्रस्ताव पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको आवेदन
२. संस्था/कम्पनी दर्ता र गत आ.व. सम्म नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा)
५. अनुसूची-३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
७. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार)
८. आवश्यक अन्य कागजात।

**नोट**:- अन्य आवश्यक जानकारीको लागि यस मन्त्रालयको वेभसाइट https://molmac.madhesh.gov.np हेर्न सक्नु हुनेछ।

**कार्यक्रम फोकल व्यक्ति**:- श्री नविन खडका (खाद्य अनुसन्धान अधिकृत),
मो.नं. ९८४५२९१४१९


# रास्वपाद्वारा ‘संविधान परिमार्जन सुझाव कार्यदल’ गठन

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले संविधानमा आवश्यक संशोधनको सन्दर्भलाई मध्यनजर गर्दै ‘संविधान परिमार्जन सुझाव कार्यदल’ गठन गरेको छ । प्रमुख सचेतक सन्तोष परियारको संयोजकत्वमा कार्यदल गठन गरिएको सो पार्टीका कार्यबाहक प्रवक्ता मनिष झाले जानकारी दिनुभयो।




उहाँका अनुसार कार्यदलले सात वटै प्रदेशमा आवश्यक छलफल गर्ने र सबै सम्बन्धित साझेदार तथा संविधानविद्सँग छलफल गरेर दलको तर्फबाट सार्वजनिक धाराणा बनाउने छ।

कार्यदलमा कान्तिशिखा धिताल, डा नन्दन यादव, गणेश कार्की, सोभिता गौतम, असिम साह, डा तोसिमा कार्की, डा अच्युतम लामिछाने र मेघ आले रहनुभएको छ ।उक्त कार्यदलले सात वटै प्रदेशमा गर्ने छलफल कार्यक्रमको संयोजक सोही प्रदेशका पार्टी सभापति रहनेछन्।

यसैबीच रास्वपाको केन्द्रीय समितिको दोस्रो दिनको बैठक स्वयम्भूस्थित स्टार भेन्यूमा जारी छ । दोस्रो दिनको बैठकमा संविधान परिमार्जन र प्रस्तावनाको व्याख्या एवं सर्वाङ्गीण विकासको भावी कार्यदिशाबारे छलफल गरिने कार्यवाहक प्रवक्ता झाले बताउनुभयो । पार्टी सभापतिको राजनीतिक प्रतिवेदनका आधारमा आगामी कार्यदिशा र कार्यक्रम तालिकामा छलफल हुने जनाइएको छ । यस्तै पार्टीको केन्द्रीय समिति, सल्लाहकार समिति, सल्लाहकार परिषद् एवं केन्द्रीय विभागको पुनःसंरचनामा छलफल गरिनेछ।

बैठकले पार्टीको बैठक सञ्चालन कार्यविधि संशोधन र आचारसंहितामासमेत छलफल हुने बताइएको छ ।रासस

# ‘मानव तस्करीविरुद्ध एकताबद्ध प्रयास आवश्यक’

गण्डकी । गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले आधुनिक दासत्व र मानव तस्करी अन्त्यका लागि एकताबद्ध प्रयास आवश्यक हुने बताउनुभएको छ।

कोपिला नेपालद्वारा आयोजित ‘ दक्षिण एशियामा आधुनिक दासत्व र मानव ओसारपसारकाविरुद्ध तीन दिवसीय क्षेत्रीय सम्मेलन’ को आइतबार पोखरामा उद्घाटन गर्दै प्रदेश प्रमुख भट्टले मानव बेचबिखन तथा ओसारपसार एक गम्भीर सामाजिक तथा मानवताविरुद्धको विश्वव्यापी समस्या र नयाँ चुनौतीका रूपमा देखापरेको बताउनुभयो।

मानव बेचबिखन तथा ओसारपसारको समस्यामा बालिका र महिला बढी जोखिममा रहेका उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले यसलाई रोक्न सरकारी तथा गैरसरकारी क्षेत्रले सूचनामूलक कार्यक्रमहरू सञ्चालन गरी समाजलाई सूसुचित गराउनुपर्नेमा जोड दिनुभयो । मानव बेचबिखन तथा ओसारपसारका कारण पीडित र प्रभावितलाई सम्मानपूर्ण जीवनयापन गर्न उपयुक्त वातावरण सिर्जना गर्न सरकार, नागरिक समाज र सबै सरोकार भएका निकायबीच हातेमालो गर्नुपर्नेमा प्रदेश प्रमुख भट्टले बताउनुभयो।

सम्मेलनबाट आर्जित ज्ञान र अनुभवलाई प्रयोग गर्दै बालबालिका तथा लैङ्गिक समानतासम्बन्धी नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न सबैले सहयोग गर्नुपर्ने प्रदेश प्रमुख भट्टले बताउनुभयो।

सम्मेलनमा छिमेकी राष्ट्र भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्कालगायत विभिन्न मुलुकमा सामाजिक तथा बालबालिकाका क्षेत्रमा कार्यरत अभियानकर्मीको सहभागिता छ। नेपालमा विसं १९८१ मा दासत्व उन्मुलन, विसं २०५८ मा कमैया श्रम निषेध ऐनमार्फत सबै प्रकारका दास प्रथाको अन्त्य र विसं २०६३ मा हलिया प्रथा अन्त्य र हरूवाचरूवा समुदायको मुक्ति घोषणा गरिएको थियो ।रासस

# वर्ष २०२४ मा खेलकूदः माइक टाइसन बक्सिङदेखि अर्जेन्टिनाको उपाधिसम्म




काठमाण्डु । वर्ष २०२४ मा विश्वका कैयौँ मुलुक राजनीतिक, आर्थिक र सामाजिक रुपमा उथलपुथल रहे । रुस-युक्रेनबीचको युद्ध जारी रहँदा इजरायलसँग हमासलगायतको युद्ध चर्चामा रह्यो, सिरिया र बङ्गलादेशमा भएका राजनीतिक आन्दोलनले वर्षभरी विश्व समुदायको ध्यान खिच्यो । त्यति मात्रै होइन, यी राजनीतिक उथलपुथलले धुव्रिकरणलाई बढावा दिए पनि खेलकूदले भने धेरैलाई एकै थलोमा उभ्यायो ।

वर्ष २०२४ मा खेलकूद निकै चर्चामा रह्यो । नेपाल राष्ट्रिय क्रिकेट सङ्घले पहिलो पटक आयोजना गरेको नेपाल प्रिमियर लिग (एनपिएल)ले नेपाली क्रिकेटलाई विश्वका क्रिकेटप्रेमीको ध्यान आकृष्ट मात्रै गरेन। यसको अभूतपूर्व सफलताले नेपाली क्रिकेटको उन्नयनमा ठूलो सहयोग हुने अपेक्षासमेत गरिएको छ । विश्वप्रसिद्ध क्रिकेटर ब्रायन लारालगायतको उपस्थितिले एनपिएलको चर्चा अझ चुलियो ।

यसै वर्ष भारतले टी-२० किक्रेट विश्वकपको उपाधि चुम्यो । सन् २०२३ मा घरेलु मैदानमा एकदिवसीय क्रिकेट विश्वकपको उपाधि जित्नबाट चुकेको भारतले अमेरिका र वेस्टइन्डिजमा भएको उक्त विश्वकपको उपाधि भने हात पाऱ्यो । सोही प्रतियोगितामा नेपालले दक्षिण अफ्रिकालाई कडा टक्कर दियो । समूह चरणमा नेपाल जम्मा एक रनले पराजित भयो । सोही प्रतियोगितामा नेपालले बङ्गलादेशविरुद्धको खेलमा पनि राम्रो प्रदर्शन गरेको थियो ।

> गत वर्ष बक्सिङ पनि निकै चर्चामा रहयो । विशेष गरी पूर्वहेभिवेट च्याम्पियन माइक टाइसन र ज्याक पलबीचको प्रतिस्पर्धालाई विश्वका करोडौ खेलप्रेमीले प्रत्यक्ष हेरेका थिए । सन्यास जीवन बिताइरहेका ५८ वर्षे टाइसन १९ वर्षपछि व्यावसायिक खेल जीवनमा फर्किएका थिए ।

वर्षको अन्त्य र नयाँ वर्षको सुरुआतमा अष्ट्रेलियासँग पाँच खेलको टेस्ट शृङ्खला गुमाएपछि भारतले टेस्ट विश्वकपको फाइनल खेल्ने सपना भने पूरा भएन । प्रत्येक दुई वर्षमा हुने टेस्ट विश्वकपको उपाधिका लागि अब दक्षिण अफ्रिका र अष्ट्रेलिया भिड्नेछन् । यही वर्ष बङ्गलादेशले भारतलाई पराजित गर्दै यू-१९ क्रिकेट एसिया कप जित्यो ।

फूटबलप्रेमीका लागि पनि गत वर्ष रोमाञ्चक रह्यो । अर्जेन्टिनाले लगातार दोस्रो पटक कोपा अमेरिकाको उपाधि जित्दा सोही समयमा यूरोपमा भएको यूरो कपको उपाधि भने स्पेनले हात पाऱ्यो ।

वर्ष २०२४ मा सम्पन्न इङ्लिस प्रिमियर लिगमा आर्सनललाई पराजित गर्दै म्यानचेस्टर सिटीले लगातार चौथो पटक उपाधि कब्जा गऱ्यो । साथै यूरोपियन च्याम्पियनको उपाधि स्पेनिस क्लब रियल म्याड्रिडले चुम्यो । त्यसका साथै रियलले स्पेनिस ला लिगा, अन्तमहादेशीय 'यूइएफए सुपर कप' र 'स्पेनिस सुपर कप' पनि जित्यो ।

वर्ष २०२४ मा प्रसिद्ध टेनिस खेलाडी राफेल नाडालले २० वर्षे खेल यात्राबाट विश्राम लिए । लामो समयसम्म टेनिसमा आफ्नो बलियो प्रस्तुति दिएका उनले डेभिस कपको क्वार्टरफाइनलमा हार बेहोरेपछि सन्यास लिए । उनले आफ्नो करिअरमा अष्ट्रेलियन ओपन, फ्रेञ्च ओपन, विम्बल्डन, यूएस ओपनलगायतका ग्राण्ड स्लाम २२ पटक हात पारेका थिए ।

गत वर्ष बक्सिङ पनि निकै चर्चामा रह्यो । विशेष गरी पूर्वहेभिवेट च्याम्पियन माइक टाइसन र ज्याक पलबीचको प्रतिस्पर्धालाई विश्वका करोडौ खेलप्रेमीले प्रत्यक्ष हेरेका थिए । सन्यास जीवन बिताइरहेका ५८ वर्षे टाइसन १९ वर्षपछि व्यावसायिक खेल जीवनमा फर्किएका थिए । उक्त खेल नेटफ्लिक्ससमार्फत प्रत्यक्ष प्रसारण गरिएको थियो । डलास काउबोइजमा भएको उत्त खेलमा ७० हजार दर्शक उपस्थित थिए । खेल भने पलले जिते ।

गत वर्ष नै नेपाली पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्द्धनले पारा ओलम्पिकमा ऐतिहासिक कास्य पदक जितिन् । कुनै पनि ओलम्पिकमा नेपाली खेलाडीले जितेको यो पहिलो आधिकारिक पदक थियो । उनले के-४४ विधाअन्तर्गत महिला ५७ केजी तौल समूहबाट कास्य पदक जितेकी हुन् । उनले सर्बियाकी मिचेभलाई १५-८ स्कोरले पराजित गरेकी थिइन् ।

यसैवर्ष अल्जेरियन फूटबलर युसेफ अतल गाजा स्ट्रिपबारे सामाजिक सञ्जालमा लेखेकै आधारमा आठ महिना जेल चलान भए । साथै उनलाई फ्रान्सको एक अदालतले ४५ हजार यूरो जरिवाना तिरायो । साथै दक्षिण अफ्रिकाका पूर्व पाराओलम्पियन ओस्कार पिस्टोरियसले ११ वर्षपछि पेरोल पाए । उनी प्रेमिकाको हत्यामा संलग्न भएको अभियोगमा जेल जीवन बिताइरहेका थिए । त्यसैगरी फ्रान्सकी पूर्व बास्केटबल खेलाडी एमिली गोमिसले इजरायलले गाजामा गरिरहेको आक्रमणको आलोचना गरेपछि पेरिस ओलम्पिकको एम्ब्यासडरबाट राजीनामा दिन बाध्य भइन् ।

यसैवर्ष अन्तर्राष्ट्रिय फूटबल महासङ्घ (फिफा)ले सन् २०२३ को उत्कृष्ट खेलाडीमा पुरुषतर्फ अर्जेन्टिनाका लियोनल मेस्सी र महिलामा बार्सिलोनाकी आइटाना बोन्माटीलाई घोषणा गऱ्यो ।

गत वर्षको फेब्रअुरीमा कतारले जोर्डनलाई ३-१ गोलअन्तरले पराजित गर्दै सन् २०२३ को एएफसी एसिया कपको उपाधि जित्यो भने आइभोरी कोस्टले नाइजेरियालाई २-१ गोलअन्तरले पराजित गर्दै सन् २०२३ को अफ्रिका कप जित्यो । यसैवर्ष अमेरिकाका बास्केटबल खेलाडी लेब्रोन जेम्स करिअरमा ४० हजार प्वान्टस् बटुल्ने इतिहासमा पहिलो खेलाडी बने । त्यसैगरी साउदी अरबको फूटबल क्लब अल हिलाल क्लबले २८ खेलमा जित निकाल्दै लगातार धेरै खेल जित्ने क्लब बन्यो ।

जो अस्ताए

विश्व खेलकूद जगतले यस वर्ष केही प्रसिद्ध व्यक्तित्वलाई गुमायो । वर्षको सुरुआत अर्थात् जनवरी ७ मा जर्मनीका फूटबल खेलाडी तथा म्यानेजर फ्राञ्ज बेकेबोउरको ७८ वर्षको उमेरमा निधन भयो । उन फिफा विश्वकप, यूरोपियन च्याम्पियन जित्ने थोरै खेलाडीमध्ये एक थिए । साथै म्याराथन विश्व कीर्तिमानी केन्याका धावक २४ केल्भिन किप्टुनको फेब्रुअरी ११ मा निधन भयो । उनले सन् २०२३ को अक्टोबरमा अमेरिकाका सिकागोमा भएको दौडमा दुई घण्टा ३५ सेकेन्डमा दौड पूरा गर्दै कीर्तिमान कायम गरेका थिए ।

गत वर्षको अप्रिल १० मा फूटबल स्टार ओजे सिम्पसनको निधन भयो । अमेरिकी एथलेटिकमा सन् १९६० देखि ७० को दशकसम्म 'द जुस' उपनामले चर्चित ओजेको जीन विवादास्पद रह्यो । अमेरिकाका प्रसिद्ध बास्केटबल खेलाडी जेरी वेस्टको ८६ वर्षको उमेरमा जुन १२ मा निधन भयो । वेस्टले सन् १९६० देखि १९७४ सम्म नेशनल बास्केटबल एसोसिएसन (एनबिए)का खेलाडीका रुपमा राम्रो प्रदर्शन गरेका थिए ।

यसैवर्ष अफ्रिकन-अमेरिकन व्यावसायिक बेसबल खेलाडी विली मायसको ९३ वर्षको उमेरमा जुन १८ मा निधन भयो । त्यसैगरी स्पेनिस बाइक राइडर कार्लेस फाल्कोनको ४५ वर्षको उमेरमा निधन भयो । डाकर ऱ्यालीका क्रममा दुर्घटनामा परेका उनको आठ दिनपछि निधन भएको हो ।

# मधेश प्रदेश १०२ रनमा अलआउट, सन्दिपले लिए ५ विकेट

टुडे समाचारदाता


जनकपुरधाम । जनकपुरधाममा जारी 'जय ट्रफी मेन्स एलिट कप' क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबार भएको बागमती प्रदेशविरुद्धको खेलमा मधेश प्रदेशले आफ्नो पहिलो पालीमा १०२ रन बनाएर अलआउट भएको छ । मधेश प्रदेशको टोली ३५.३ ओभरमा अलआउट भएको हो ।

दुई दिवसीय प्रतियोगितामा मधेश प्रदेशले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको थियो । प्रतिकुल मौसमका कारण निर्धारित समयभन्दा करिब दुई घण्टा ढिलो सुरु भएको खेलमा मधेश प्रदेशका कुनै नि ब्याट्सम्यान लामो समयसम्म क्रिजमा टिक्न सकेनन् ।

कप्तान हरिशंकर साह चार रन बनाउँदै पेभेलियन फर्किएका थिए । उनले १८ बलमा एक चौका प्रहार गरे । अर्का ओपनर मयान यादवले भने टोलीको खातामा २१ रन थपे । उनले ३६ बलको सामना गर्दै एक छक्का र एक चौका प्रहार गरे ।तेस्रो नम्बरका ब्याट्सम्यान निरज यादवले १२ रन बनाए ।

उनले ३५ बलमा एक चौका प्रहार गरे । चौथो नम्बरमा क्रिज सम्हाल्न आएका साहिल पटेल ६ रनमै आउट भए । विकेटकिपर ब्याट्सम्यान हिमांशु दत्त पनि १० रनभन्दा अगाडि बढ्न सकेनन् ।

रुपेश सिंह ६ रन बनाउँदै पेभेलियन फर्किए । सातौं नम्बरमा क्रिजमा आएका विशाल पटेलले टोलीको खातामा १६ रन थपे । उनले ३० बलको सामना गरी एक छक्का र एक चौका हिर्काएका थिए ।अभिषेक तिवारीले ११ रन बनाए । उनले ४० बलको सामना गरी दुई चौका प्रहार गरे । प्रदिप पासवान दुई रन बनाउँदै आउट भए । रञ्जित कुमार शून्य रनमै आउट भए । भुलावन साहनी दुई रनमा अविजित रहे । मधेश प्रदेशले अतिरिक्त रुपमा १२ रन पायो ।



बागमती प्रदेशका बलर सन्दीप लामिछाने एक्लैले पाँच विकेट लिएका छन् । टोलीका कप्तानसमेत रहेका सन्दीपले १४ ओभरमा दुई मेडन राख्दै ४१ रन खर्चिए । सूर्य तामाङले तीन विकेट हात पारे । उनले २.३ ओभरमा ७ रन खर्चिए । नन्दन यादव र प्रतिस जीसीले एक-एक विकेट लिए ।

जय ट्रफी आइतबारदेखि जनकपुर र वीरगञ्जमा सुरु भएको हो ।

नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गरेको प्रतियोगितामा चारवटा टोलीको सहभागिता रहेको छ ।प्रतिकुल मौसमका कारण पहिलो दिनको दुबै खेलमा निर्धारित समयभन्दा ढिलो सुरु भएको थियो । प्रारम्भिक चरणको खेल दुई दिवसीय हुनेछ । फाइनल खेल भने तीन दिवसीय हुनेछ ।जय ट्रफीका खेलहरु प्रत्येक दिन ९० ओभरको हुनेछ ।

प्रतियोगिताको प्रारम्भिक चरणमा प्रत्येक पाली ६०-६० ओभरको हुनेछ । ब्याटिङ गर्ने टोलीले पुरै ६० ओभर ब्याटिङ गर्न वा आफूले चाहेमा बिचमै पाली समाप्तिको घोषणा गर्न सक्नेछ ।

नेपाल क्रिकेट संघ (क्यान) का पूर्वअध्यक्ष जयकुमारनाथ शाहको नाममा जय ट्रफी सुरु भएको हो । जयकुमार नाथ साह आफैले २०३७ सालमा 'जय ट्रफी' सुरुवात गरेका थिए ।

लामो समयसम्म जय ट्रफी नै राष्ट्रिय टोली छनोटको आधार पनि थियो ।वीरगञ्ज र जनकपुरधाममा आइतबारदेखि सुरु भएको जय ट्रफीमा दुबै टोलीका खेलाडी सेतो रङको जर्सीमा देखा परेका छन् भने खेल रातो बलले खेलाइँदै छ । पुलिस क्लबको कप्तानको भूमिकामा आरिफ शेख छन् ।

बागमती प्रदेशको कप्तान सन्दीप लामिछाने हुन् ।

मधेश प्रदेश हरिशंकर साहको कप्तानीमा छ । त्रिभुवन आर्मी क्लबको कप्तान विनोद भण्डारी हुन् । प्रतियोगितामा ब्याटिङ र बलिङ गर्ने दुबै टोलीका लागि बोनस अंकको पनि व्यवस्था गरिएको छ ।

# यु-१९ महिला विश्वकप खेल्ने नेपाली टोली घोषणा



काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान)ले एसिसी यु-१९ महिला विश्वकप प्रतियोगिताका लागि नेपाली टोली घोषणा गरेको छ ।

क्यानले पूजा महतोको कप्तानीमा शनिबार १५ सदस्यीय टोली घोषणा गरेको हो ।

नेपाली टोलीका अन्य खेलाडीमा सोनी पाखिन (उपकप्तान), साना प्रविन, ज्योत्सिन्का मरासिनी, कुसुम गोदार, सावित्रा धामी, कृश्मा गुरुङ, रिया शर्मा, सिमाना केसी, स्नेहा महरा, किरणकुमारी कुँवर, रचना चौधरी, तृष्णा विक, अनु कडायत र एलिसा कुमारी यादव रहेका छन् । गत महिना भएको यु-१९ एसिया छनोटमा च्याम्पियन बन्दै नेपालले विश्वकपमा स्थान बनाएको हो । यु-१९ विश्वकप आगामी माघ ५ देखि २० गतेसम्म मलेसियामा हुँदै छ । उक्त प्रतियोगितामा १६ टोली सहभागी हुने छन् ।

नेपाल समूह 'डी' मा रहेको छ । उक्त समूहमा बङ्गलादेश, अस्ट्रेलिया र स्कटल्याण्ड समेत रहेका छन् ।

# ललितले सात विकेट लिएपछि आर्मी १२१ रनमा अलआउट

काठमाण्डु । नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा आइतबारदेखि सुरू भएको जय ट्रफी मेन्स एलिट कप २०८१ अन्तर्गत नेपाल पुलिस र त्रिभुवन आर्मी क्लबबीच खेल भइरहेको छ ।

टस हारेर पहिले ब्याटिङ गरेको आर्मी मध्यम योगफलमा सीमित भएको छ । आर्मी ३४.४ ओभरमा १२१ रनमा समेटिएको हो । कुशल मल्लले सर्वाधिक २५ रन बनाए भने भीम सार्कीले २२ र कप्तान विनोद भण्डारीले २१ रन बनाए ।




पुलिसका ललित एक्लैले सात विकेट लिए । कुशल भुर्तेल, सर्वन यादव र राशिद खानले १-१ विकेट हात पारे । ललितले सन्तोष कार्की, तृतराज दास, सोमपाल कामी, बसिर अहमद, विवेक यादव, शाहब आलम र आकाश चन्दको विकेट लिएका हुन् ।ललितले १७.४ ओभरमा ४७ रन दिएर ७ विकेट लिएका हुन् ।

# अस्ट्रेलिया टेस्ट च्याम्पियनसीपको फाइनलमा




काठमाण्डु । अस्ट्रेलियन क्रिकेट टोली विश्व टेस्ट च्याम्पियनसीपको फाइनलमा प्रवेश गरेको छ । भारतसँगको पाँचौं टेस्टमा ६ विकेटको जित निकाल्दै श्रृंखला ३-१ ले जितेको अस्ट्रेलिया टेस्ट च्याम्पियनसीपको फाइनलमा लगातार दोस्रोपटक पुगेको हो ।

भारतले चौथो इनिङमा दिएको १६२ रनको लक्ष्य अस्ट्रेलियाले तेस्रो दिनको दोस्रो सेसनमा ४ विकेटको क्षतिमा पूरा गर्दै श्रृंखला ३-१ ले कब्जा गऱ्यो । अस्ट्रेलियाको जितमा ट्राभिस हेडले अविजित ३४ तथा बेउ वेबस्टरले अविजित ३९ रन बनाए । उसमान ख्वाजाले ४१ रन बनाए । भारतका प्रसिध कृष्णाले तीन तथा मोहमद सिराजले एक विकेट लिए ।

त्यसअघि आफ्नो दोस्रो इनिङ सुरू गर्नुपूर्व ४ रनको अग्रता भएको भारतले थप १५७ रन जोड्दा अलआउट भयो । भारतका रिषभ पन्तले सर्वाधिक ६१ रन बनाए भने यशश्वी जैसवालले २२ रन बनाए । अस्ट्रेलियाका स्कट बोल्यान्डले ६ विकेट लिए । पहिलो इनिङमा ४ विकेट लिएका उनले टेस्ट करियरको पहिलो १०-विकेट फिगर पनि हासिल गरे ।

भारतले अन्तिम टेस्टमा टस जितेर पहिले ब्याटिङ गर्दै पहिलो दिनमै १८५ रनमा अलआउट भएको थियो । जवाफमा अस्ट्रेलिया १८१ रनमा अलआउट हुँदा भारत ४ रनको अग्रतासहित १५७ रनमा अलआउट हुँदा अस्ट्रेलियाले १६२ रनको लक्ष्य पाएको थियो ।पहिलो टेस्टमा भारत विजयी हुँदा दोस्रो र चौथो टेस्ट अस्ट्रेलियाले जितेको थियो भने तेस्रो टेस्ट ड्र भएको थियो ।

टेस्ट च्याम्पियनसीपको फाइनलमा दक्षिण अफ्रिका यसअघि नै छनोट भइसकेको छ । दक्षिण अफ्रिकाले पहिलोपटक टेस्ट च्याम्पियनसीपको फाइनल खेल्ने छ ।वर्ल्ड टेस्ट च्याम्पियनसीप २०२३-२५ को फाइनल इंग्ल्याण्डको लर्ड्सेमा आगामी जुन महिनामा हुँदै छ । सन् २०१९ देखि सुरू भएको टेस्ट च्याम्पयनसीपमा हालसम्मका दुई संस्करणमध्ये न्युजिल्याण्ड र अस्ट्रेलियाले एक-एकपल्ट जितेका छन् ।

# एन्फा यु-१६ फुटबलः फ्रेन्ड्स क्लब विजयी

काठमाण्डु । एन्फा यु-१६ युथ लिग फुटबल प्रतियोगितामा फ्रेन्ड्स क्लबले सातदोबाटो युथ क्लबलाई पराजित गर्दै विजयी भएको छ । सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) मैदानमा आइतबार खेलको पहिलो हाफमा भएको थियो । खेल सुरुआती मिनेटमा नै फ्रन्ड्सका रिहानले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाएका हुन् ।

खेलको २२औं मिनेटमा दिवानले गोल गर्दै फ्रेन्डसको



भएको खेलमा फ्रेन्ड्सले युथ क्लबलाई २-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो ।

फ्रेन्ड्सको जितमा रिहान बुढा र दिवान थापाले समान एक/एक गोल गरे । दुवै गोल अग्रता दोब्बर बनाएका हुन् । त्यसपछि खेलमा थप गोल हुनसकेन र अन्तत फ्रेन्ड्सले सातदोबाटोमाथि २-० गोलअन्तरले जित निकालेको हो ।रासस

# नवनिर्वाचित सभामुख जोनसनलाई ट्रम्पको बधाइ

एएफपी

वासिङ्टन । रिपब्लिकन नेता तथा अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले अमेरिकी काङ्ग्रेसमा निर्वाचित सभामुख माइक जोनसनलाई बधाइ दिनुभएको छ । जोनसोनको नेतृत्वले अमेरिकी संसद्को गरिमालाई थप उचाइमा पुऱ्याउने उहाँले बताउनुभएको छ ।

"माइक संसद्मा एक विशेष सभामुखको भूमिका निभाउन सक्षम हुनुहुनेछ र हाम्रो देश लाभार्थी हुनेछ । अमेरिकी जनताले विवेक, क्षमता र नेतृत्वका लागि चार वर्ष पर्खेका छन्", नवनिर्वाचित अमेरिकी राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "अमेरिका पहिलेभन्दा महान् हुनेछ!"

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको महत्वपूर्ण समर्थनमा रिपब्लिकन पार्टीका माइक जोनसनलाई अमेरिकी प्रतिनिधि सभाको सभामुखमा फर्काइएको हो ।

जोनसनले डेमोक्र्याटिक समूहसँग कानून पारित गर्न सहयोग गरेपछि तत्कालिन 'ब्याकबेन्चर' हरू उहाँसँग खुशी थिएनन् ।

रिपब्लिकन पार्टीबाट प्रतिनिधि रहेका एक दर्जनभन्दा बढी सदस्यले जोनसनको नेतृत्वमाथि शङ्का व्यक्त गरेपछि उहाँको जीत सुनिश्चित गर्न अमेरिकी राष्ट्रपतिमा निर्वाचित रिपब्लिकन नेता ट्रम्पले नै आफ्नो दलका सांसदहरूलाई विश्वास दिलाउनुपरेको थियो ।

अमेरिकी संसद्को 'मिडिया आउटलेट' पञ्चबोल न्यूजका अनुसार ट्रम्पले व्यक्तिगत रूपमा जोनसनको विरोधमा राय राख्ने दुई सांसदसँग फोनमा कुरा गरेपछि जोनसनले सभामुखपदको आफ्नो महत्वाकाङ्क्षालाई जीवित राख्न सफल हुनुभएको हो । रासस

# विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले आइतबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ।

केन्द्रीय बैंकले तोकेको विनिमयदरअनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३६ रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ३७ रुपैयाँ ५४ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ०२ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ६४ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ र बिक्रीदर एक सय ७० रुपैयाँ ७४ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५० रुपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ३३ पैसा कायम गरिएको छ।

यस्तै अष्ट्रेलियन डलर एकको खरिददर ८५ रुपैयाँ २१ पैसा र बिक्रीदर ८५ रुपैयाँ ५८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९५ रुपैयाँ ११ पैसा र बिक्रीदर ९५ रुपैयाँ ५२ पैसा, सिङ्गापुर डलर एकको खरिददर ९९ रुपैयाँ ९६ पैसा र बिक्रीदर एक सय रुपैयाँ ४० पैसा निर्धारण गरिएको छ।

यसैगरी जापानी येन १० को खरिददर आठ रुपैयाँ ७१ पैसा र बिक्रीदर आठ रुपैयाँ ७५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७१ पैसा र बिक्रीदर १८ रुपैयाँ ७९ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६२ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७३ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९८ पैसा र बिक्रीदर चार रुपैयाँ, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ २८ पैसा र बिक्रीदर ३७ रुपैयाँ ४५ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ४३ पैसा र बिक्रीदर ३० रुपैयाँ ५६ पैसा निर्धारण भएको छ।

साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३२ पैसा र बिक्रीदर नौ रुपैयाँ ३६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३२ पैसा र बिक्रीदर १२ रुपैयाँ ३७ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९० पैसा र बिक्रीदर १८ रुपैयाँ ९९ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ६० पैसा र बिक्रीदर १७ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४३ रुपैयाँ ८० पैसा र बिक्रीदर चार सय ४५ रुपैयाँ ७५ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६३ रुपैयाँ २५ पैसा र बिक्रीदर तीन सय ६४ रुपैयाँ ८४ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५५ रुपैयाँ ६८ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ २४ पैसा तोकिएको छ।

त्यसैगरी, भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकिएको छ। यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने राष्ट्र बैंकले जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुनेसमेत जनाइएको छ।रासस

# तरकारी र फलफूलको मूल्य

काठमाण्डु । कालिमाटी फलफूल तरकारी विकास समितिले आइतबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो। आज गोलभेडा ठूलो (भारतीय) प्रतिकेजी) रु ९०, गोलभेडा सानो (लोकल) प्रतिकेजी रु ३०, गोलभेडा सानो (भारतीय) प्रतिकेजी रु ४५, गोलभेडा सानो (तराई) प्रतिकेजी रु ४०, आलु रातो प्रतिकेजी रु ५०, आलु रातो (भारतीय) प्रतिकेजी रु ४०, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ७०, गाजर (लोकल) प्रतिकेजी रु ११०, गाजर (तराई) प्रतिकेजी रु ९०, बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु २५, काउली स्थानीय प्रतिकेजी रु ३०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ४०, काउली तराई प्रतिकेजी रु २५, मूला रातो प्रतिकेजी रु ३५, मूला सेतो (लोकल) प्रतिकेजी रु ३०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ४०, भन्टा लाम्चो प्रतिकेजी रु ५०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको छ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु १२०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ६०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ६०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ५०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ५०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २५, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २५, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४५, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु ३०, पालुङ्गो साग प्रतिकेजी ८०, चमसुरको साग रु ८०, तोरीको साग प्रतिकेजी रु ३५, मेथीको साग प्रतिकेजी रु ८०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु १००, तरुल प्रतिकेजी रु ८०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३३० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ५०, चुकुन्दर प्रतिकेजी रु ९०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु १००, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु १००, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्दुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १४०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २५०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १२५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १२०, काक्रो (हाइब्रिड) प्रतिकेजी रु ९०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ७०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किवि प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ८० निर्धारण गरिएको छ।रासस

# नेप्से सामान्य अङ्कले बढ्यो

काठमाण्डु। यो साता कारोबारको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सामान्य अङ्कले बढेको छ। आइतबार नेप्से परिसूचक पाँच दशमलव ३२ अङ्कले बढेर दुई हजार पाँच सय ९१ दशमलव ५६ को बिन्दुमा कायम भएको हो।

आइतबार तीन सय २७ कम्पनीका ९३ लाख ८६ हजार सात सय २१ कित्ता शेयर ६१ हजार एक सय ६७ पटक खरिदबिक्री हुँदा रू चार अर्ब ८६ करोड दुई लाख एक हजार नौ सय ७४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।



आइतबारको कारोबारमा बैंकिङ शून्य दशमलव ५५, वित्त एक दशमलव ०४, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६०, लघुवित्त शून्य दशमलव १४ र म्युचुअल फन्ड शून्य दशमलव ७४ प्रतिशतले घटेको छ। अरु सबै समूहको उपसूचक बढेको छ। विकास बैंक शून्य दशमलव ०२, होटल तथा पर्यटन शून्य दशमलव ६०, जलविद्युत् एक दशमलव ६७ र लगानी समूह शून्य दशमलव ३९ प्रतिशतले बढेको छ।

त्यस्तै, जीवन बीमा शून्य दशमलव २७, निर्जीवन बीमा शून्य दशमलव ०४, व्यापार एक दशमलव १४ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले बढेको छ।

तीन वटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड, दोर्दीखोला जलविद्युत् कम्पनी लिमिटेड र ग्रीन भेन्चर्स लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो। नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य आठ दशमलव ८८ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै जानकी फाइनान्स कम्पनी लिमिटेडको रू १९ करोड नौ लाख ५० हजार बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको तीन लाख ८३ हजार पाँच सय छ कित्ता शेयर किनबेच भएको छ।रासस

# जलवायु वित्तमा सहज पहुँच पाउनुपर्ने

मेलम्ची ।सरोकारवालाले अन्तर्राष्ट्रिय जलवायु वित्तमा सहज पहुँच स्थापित गर्न गृहकार्यको आवश्यक भएको बताएका छन्।

पोखरा विश्वविद्यालयले मेलम्ची नगरपालिकासँगको सहकार्यमा 'स्थानीय तहमा जलवायु वित्तको पहुँच र जलवायुवित्तसम्बन्धी परियोजना विकास' विषयमा आइतबार आयोजना गरेको गोष्ठीमा उहाँहरुले जलवायु परिवर्तनका कारण भएको क्षतिको पूर्तिका निम्ति आर्थिक सहयोग उपलब्ध गराउने जलवायु कोषमा मुलुकको पहुँच विस्तार गर्नुपर्ने बताउनुभएको हो। त्यसअवसरमा कार्यपत्र प्रस्तुत गर्दै नेपाल जलवायु पहल (एनसिआइ) का अध्यक्ष प्राध्यापक डा मदन कोइरालाले जलवायु वित्तमा पहुँच स्थापित गर्नका लागि गहन परियोजना प्रस्ताव पेस गर्नुपर्ने र यसका लागि अध्ययन अनुसन्धानमा जोड दिनुपर्ने धारणा राख्नुभयो।



नेपाल जलवायु पहलका (एनसिआई) का सदस्य प्राडा सञ्जयनाथ खनालले प्राकृतिक विपद्का घटनाहरु जलवायु सृर्जित हुन वा होइनन् भन्ने विषयमा विश्लेषण आवश्यक रहेको बताउनुभयो। उहाँले यसका लागि स्थानीय तहको क्षमता अभिबृद्धि हुनुपर्नेमा जोड दिनुभयो। अन्तर्राष्ट्रिय जलवायु वित्तका विभिन्न संयन्त्रमा पहुँच स्थापित गर्नका लागि राष्ट्रिय प्राथामितालाई समावेश गरी परियोजना प्रस्ताव गर्न आवश्यक रहेको उहाँको भनाइ थियो।

"जलवायु परिवर्तनका अनुकुलन तथा न्यूनीकरणका प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्नका लागि तीन वटै तहका सरकार र अन्तरसरकारी निकाय र सरोकारवालाबीच सहकार्य जरुरी छ", खनालले भन्नुभयो, "कार्बन उत्सर्जनमा नेपालको भूमिका निकै कम छ। तर हामीले जलवायुजन्य असर खेपिरहनुपरेका छौँ, असर न्यूनीकरणका लागि आर्थिक स्रोत व्यवस्थापन चुनौती बनेको छ।"

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीका जलवायु सल्लाकार मञ्जित ढकालले अन्य मुलुकहरुले कार्बन उत्सर्जन न्यूनीकरण नगर्ने हो भने पृथ्वीको तापमान बढ्ने र यसको असर पर्यापर्यटनमा पर्ने धारणा राख्नुभयो।

"सिन्धुपाल्चोक जलवायुजन्य जोखिममा रहेको विभिन्न अध्ययनले देखाएका छन्, अब तीन वटै सरकारले जलवायुमैत्री बजेट निर्माण गर्न आवश्यक छ", उहाँले भन्नुभयो। ढकालले मनाव सृर्जित जलवायु परिवर्तनका कारण सन् २०२४ हालसम्मकै तातो वर्षका रुपमा मापन गरिएको बताउनुभयो।

हाँले कार्बन उत्सर्जन कम नगर्ने हो भने पृथ्वीको औसत तापमान तीनदेखि चार डिग्री सेल्सियससम्म वृद्धि हुनसक्ने बताउनुभयो। रासस

# बिपी राजमार्ग पुनर्निर्माणमा साढे नौ अर्ब खर्च हुने

काभ्रेपलाञ्चोक । गत असोजदोस्रोसाताकोबाढीपहिराले क्षतिग्रस्तबिपीराजमार्गकोविभिन्न सडकखण्डको पुनर्निर्माणका लागि करिब रु नौ अर्ब ६६ करोड हुने भएको छ। बाढीपछि गरिएको अध्ययनअनुसार पुनर्निर्माणमा ठूलो धनराशि खर्च हुने पाइएको हो।



डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार बिपी राजमार्गअन्तर्गत भकुण्डेबाट नेपालथोकसम्मको विभिन्न स्थानमा पुनर्निर्माण गर्न उक्त रकम खर्च हुने अनुमान गरिएको हो। उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्धस्थित चौकीडाँडाबाट रोशी गाउँपालिकाको कालढुङ्गासम्म १२ किलोमिटर सडकखण्डमध्ये आठ किलोमिटर सडक पूर्ण रूपमा क्षति पुगेको थियो। कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुमन योगेशका अनुसार उक्त सडकमा तीन किसिमका पर्खाल (आर सिसी रिटेनिङ, प्लम र गेभियन वाल) लगाउनुपर्ने अध्ययनबाट देखिएको छ।

"अध्ययनबाट केही स्थानमा पहिला पुल बनाउनुपर्ने देखिए पनि पुल बनाउने कि, पर्खाल लगाउने भन्नेबारे छलफलपछि निष्कर्ष निकालिनेछ", उहाँले भन्नुभयो। प्रमुख योगेशका अनुसार खोलाको बाढी आउन सक्ने ठाउँमा आरसिसी वाल लगाउनुपर्ने देखिएको छ भने कतै प्लम वाल र कतै गेभियन वाल लगाउनुपर्ने अध्ययनले देखाएको छ।

क्षतिग्रस्त सडक पुनर्निर्माण गर्न स्रोत सुनिश्चितताको पर्खाइमा रहेको प्रमुख योगेश बताउनुहुन्छ। "सडकखण्ड पुनर्निर्माण गर्न गरिएको अध्ययनअनुसार लाग्ने लागतको स्रोत सुनिश्चित भएको छैन, दातृ निकाय तथा नेपाल सरकारबाटै स्रोत सुनिश्चित भएपछि ठेक्का खोल्ने प्रक्रियातिर लाग्छौँ", उहाँले भन्नुभयो। राजमार्गको भत्किएको खण्ड पुनर्निर्माणका विषयमा जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले गत कात्तिक दोस्रो साता अध्ययन गरेको थियो।

उक्त राजमार्ग पुनर्निर्माणका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज ३० गते नेपालका लागि जापानका राजदूत किकुता युताकासँग छलफल गर्नुभएको थियो। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जाइकासँग उक्त सडकखण्ड पुनर्निर्माणका लागि सहयोगको प्रस्ताव गरिसकेको छ। मन्त्रालय जाइकाको प्रतिवेदन र जवाफको पर्खाइमा रहेको छ। मन्त्रालयका सचिव केशवकुमार शर्माका अनुसार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् व्यवस्थापन कोषमा रहेको बजेट माग गर्ने तयारी छ। यस्तै दातृ निकायहरू एसियाली विकास बैंक (एडिबी) र विश्व बैंकको सहुलियतपूर्ण ऋण लिएर भए पनि राजमार्ग पुनर्निर्माणको तयारी छ। सचिव शर्मा आगामी फागुनसम्ममा ठेक्का प्रक्रिया अघि बढाउने तयारी छ।

पुनर्निर्माणका लागि स्रोत सुनिश्चित लम्बिए आउने वर्षको वर्षामा यातायात सञ्चालनमा कठिनाइ ब्यहोर्नुपर्ने प्रमुख योगेशले बताउनुभयो। उहाँले भन्नुभयो, "हाल स्रोत सुनिश्चित भएको भए काम सुरु गर्थ्यौं, अब ढिला भयो भने वर्षाभरि यातायात सञ्चालन नहुन पनि सक्छ।" उहाँका अनुसार पूर्ण रूपमा सडक पुनर्निर्माण गर्न कम्तीमा दुई वर्ष लाग्छ।

बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास) अन्तर्गत काभ्रेपलाञ्चोकको चौकीडाँडाबाट सिन्धुलीको बर्खेखोलासम्मको सडकखण्डको अधिकांश सडक क्षतिग्रस्त छ। बाढीपहिरोले अवरुद्ध राजमार्ग दुई हप्तापछि सञ्चालनमा ल्याइए पनि सुक्खा पहिरोको जोखिमका कारण कार्यालयले गत असोज ३० गतेदेखि नै साँझ छ बजेदेखि १० घण्टा (रातको समय) यातायात सञ्चालमामा रोक लगाउँदै आएको छ। राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा रहेको उक्त राजमार्ग कतै एकतर्फी तथा कतै दुईतर्फी हुनेगरी सञ्चालनमा ल्याइएको हो।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास एक सय ६० किमी सडक) निर्माणकार्य सुरु गरिएको थियो। खण्डखण्ड विभाजन गरी २०७२ असार १८ गते निर्माण सम्पन्न गरी औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। जाइकाले उक्त राजमार्ग निर्माण गर्दा प्रतिकिमी रु ३५ करोड लागत थियो। रासस



# अवैध उत्खनन हुँदा प्रशासन मौन

**टुडे समाचारदाता**

गौशाला । महोत्तरीको गौशाला नगरपालिका १० स्थित मडाहा खोलामा क्रसर माफियाले मनपरी उत्खनन गरेका छन्। नगरपालिका मातहतमा रहेका खोलाहरू अहिलेसम्म ठेक्का लागेका छैनन् । तथापि मडाहा खोलामा अहिले क्रसर माफियाको रजाइँ चलेको छ। हुल्याहा समूहको आडमा



मध्यरातमा मनलाग्दी खोला उत्खनन गरेको पाइएको छ।

अवैध उत्खनन रोक्न घटनास्थल पुगेका वन गस्तीमाथि आक्रमण भएको छ। डिभिजन वन अधिकृत अजय कुमार मिश्रले क्रसर माफियाले पालेका गुन्डा समूहको आक्रमणबाट सशस्त्र वन रक्षक विदुर अधिकारी घाइते भएको जनाए । वन गस्तीले नियन्त्रणमा लिएका चालक र उत्खननमा संलग्न गाडीहरू पनि समूहले थुतेर लगेको मिश्रले बताए।

नियमित गस्तीका क्रममा बिहान ४ बजेतिर घटना स्थल पुगेको वन कर्मचारीले मडाहा खोला तथा तटवर्ती क्षेत्रमा अवैध रुपमा उत्खनन् भइरहेको देखेपछि एउटा एक्स्काभेटर र ५ वटा टिपर नियन्त्रणमा लिएका थिए।

गस्ती कमान्डर एवं सव डिभिजन वन कार्यालय माइस्थानका वन अधिकृत सिकिन्दर चौधरीकाअनुसार गाडीहरू नियन्त्रणमा लिएपछि त्यसका चालकहरू भागेर खोला पश्चिमतर्फ रहेको जय माँ जालपा ढुङ्गा गिट्टी बालुवा वासिङ सेन्टरबाट पुगेका थिए । त्यहाँबाट लगत्तै १५/१६ वटा मोटरसाइकलमा आएका गुन्डा समूहले वन कर्मचारीमाथि गाली गलौज र हुल हुज्जत गरेको उनले बताए।

चौधरीले भने 'अरू चालकहरू भागे पनि हामीले ५ थान गाडी र एकजना ट्रिपर चालकलाई नियन्त्रणमा लिएका थियौँ । समूहले बल प्रयोग गरेर ती चालकसहित सबै गाडी थुतेर लगेको थियो । प्रतिकार गर्दा सशस्त्र वन रक्षक विदुर अधिकारी घाइते भएका छन् । घटनाका तत्कालै जानकारी गराउँदा पनि करिब २ किमी दुरीमा रहेको इलाका प्रहरी कार्यालयबाट धेरै अबेर ३ जना प्रहरी घटनास्थल पुगेका थिए । चौधरीका अनुसार त्यति वेलासम्म गुन्डा समूह भागी सकेका थिए।

एक त जाडोको रात उसमाथि हुस्सु लागेकोले हुल्याहा समूह कसैलाई पहिचान गर्न नसकेको उनले बताए । तथापि मध्यरातमा वन गस्तीले उत्खननमा संलग्न गाडीहरूको फोटो खिचेको छ। त्यसमध्ये ४ वटा गाडीको नम्बर मोबाइल क्यामेरामा कैद भएको उनले बताए।

फोटोको आधारमा वा ३ क १११६ नम्बरको र तथा प्र २-०३-००१ क ०५९२, प्र २-०३-००१ क ०३९२ र प्र २-०३-००१ क ०५८२ निको गाडीमाथि कारबाही गर्न लागेको उनले बताए। घटनाको जानकारीपछि जिल्ला समन्वय समितिका अध्यक्ष सुमनलाल कर्णको नेतृत्वमा गौशाला नगरपालिकाकी उपमेयर रेणु महतो, डिभिजन वन प्रमुख अजय कुमार मिश्र, इलाका प्रशासन कार्यालय गौशालाका प्रतिनिधि लगायतको टोलीले घटनास्थलको निरीक्षण गरेको छ।

निरीक्षणका क्रममा राति वन गस्तीले नियन्त्रणमा लिएका सबैजसो गाडीहरू माँ जालपा ढुङ्गा गिट्टी बालुवा वासिङ सेन्टरमा फेला परेको जनाइएको छ।


मडाहा खोलाको तटवर्ती क्षेत्रमा अवैध उत्खनन् गरिएका १५० लम्बाइ ३० मिटर चौडाइ र साढे २ मिटर गहिरो खाल्डो भेटिएको छ। कतिपय खाल्डाहरूलाई गिट्टी बालुवा निकालेर पुरिएको अवस्थामा फेला परेको अनुगमन समितिले जनाएको छ।

डिभिजन वन अधिकृत अजय कुमार मिश्रले भने 'अनुगमन समितिले अवैध उत्खनन् गरिएको खोला बगरबाट ८७३ घन मिटर गिट्टी बालुवासमेत बरामद गरेको छ। प्राप्त प्रतिवेदनहरूको आधारमा कारबाही प्रक्रिया सुरु गरिने छ।'

चालु आर्थिक वर्ष ०८१-८२ का लागि कतिपय स्थानीय तह ठेक्का प्रक्रियामा गए पनि अहिलेसम्म जिल्लाका कुनै पनि खोला उत्खनन्का लागि ठेक्का लागेको छैन।

यसबीच अवैध रुपमा खोला उत्खनन् को काम भने भइरहेको घटनाक्रमले देखाएका छन्।

# फेरि पनि मधेसी पार्टीहरुको चर्चा



जयप्रकाश आनन्द

लामो समय पछि अहिले फेरी मधेसी पार्टीहरु चर्चामा उक्लिन चाहेका छन् । यद्यपि, अहिलेको चर्चा राष्ट्रिय राजनीतिमा मधेसीहरु एक उदयीमान शक्तिको रुपमा देखिएको सन्दर्भमा भैरहेको छैन। अनि फेरी मधेस आन्दोलन तथा संविधान सभाको पहिलो निर्वाचनपछि कनकमणि दीक्षित जस्ता बिश्लेषकले नेपाली टाईम्सको आलेखमा उपेन्द्र यादवलाई "मुलुकको भावी प्रधानमंत्री हुनसक्ने" संभावना देखाउदै लेखिएकोबाट पनि भैरहेको छैन। न त, सिके लालले एक समय महन्थ ठाकुरलाई "कालो आकाशमा चाँदीको घेरा" को उपमा दिदैं सकारात्मक संभावनाका साथ लेखिएकोबाट पनि हालको चर्चा प्रभावित छैन।

त्यो समय थियो- सडकमा, संविधान सभामा, अखबारहरूमा तथा शक्ति केन्द्रहरुका बैठकहरूमा मधेसको चर्चा शीर्षमा हुन्थ्यो। राष्ट्रपति, उपराष्ट्रपति बनाउन यसको शक्ति अपरिहार्य थियो। आफु प्रधान मंत्री हुनका लागि मधेसी पक्षका सामु सभामुख पदको प्रस्ताव गरिन्थ्यो। भलै मधेसीहरूले मंत्रीका बढी पद लिएर 'शक्ति अभ्यास'का महत्वलाई इन्कार गर्यो। तर, यो पक्ष बलियो त अवश्य थियो। आज पनि धेरैलाई याद होला। खिलराज रेग्मी सरकार प्रमुख बनाईदा, दोस्रो संविधान सभाबाट जे जस्तो दलीय स्थिति बनेपनि भावी संविधानका केही आधार भूत मान्यताहरू मधेसी पक्षको सहमति समेतबाट निर्धारण गरिनु पर्ने कुरा, सो सुनिश्चित गर्न तेस बेलाका राष्ट्रपति श्री रामबरण यादवले काँग्रेस-एमाले-माओवादीलाई 'हिदायत' दिएको याद होला। त्यो थियो नवोदित मधेसी पक्षको शक्ति। आज सोही मधेसी पक्ष, उदयपुर-सिन्धुलीको साँधमा लाग्ने त्रिवेणी मेलाको जुवा खालमा नगद-जिन्सी सबै हारेर अन्ततः स्वास्नीका गहनागुरिया समेत बुझाएर ब्रम्हमुहूर्त अगाबै खाल छोडेर भागेका हरूवा जुवाडे जस्तो भएको छ। मधेसीहरू हरूवा जुवाडे नै भएका हुन् आज।

यता आएर भर्खरै, अघिल्लो अनेकन् पटका भै, फेरी यिनीहरू एउटै मंचमा आवद्ध हुन अविश्वसनीय लाग्ने प्रयासका कुरा गरेका छन्। यसो गर्न सके कुनै आपत्तिको सवाल छैन। तर, यो कति नैसर्गिक हो त ! यस मंचमा उपेन्द्र, महन्थ, सिके राउत रहन उचित मानेनन्। ठिक नै भयो। यस दर्जाका नेताहरू हाल एक अर्काको मुख देख्दा आफ्नो होशमा काबु राख्ने अवस्था बन्न केही समय लाग्ला। यद्यपि मुख्य कुरो त के हो भने अब यी मधेसी पक्षहरूले चाहेका एकता वा निर्माण गर्न खोजेका साझा मंच-आफुहरू बस्तुतः एक हुनका लागि हो कि एक हुन लागेको देखाउनका लागि हो?

नेपाली काँग्रेस र एमालेले बिद्यमान संविधानमा संशोधनको कुरा उठाएका छन्। यिनीहरूले के के र कुन कुन बिषयमा संविधानको संशोधन खोजेका हुन् अहिले सम्म बताएको छैन। एकाध मधेसी दल र माओवादीले संविधानको प्रगतिशिल परिमार्जनका लागि संशोधनमा सहमति जनाउने बुझिन्छ। जबकि, उनिहरूले प्रगतिशिल परिमार्जनको एजेण्डा भनी भन्दै आएको बिषयहरू काँग्रेस वा एमालेको एजेण्डा बन्ने कुनै संभावना छैन। सडकमा छरिएका बिषयहरू भने फरक प्रकारका छन्। यस अनुसार, संघियतालाई मितव्ययी वा किफायती बनाउन प्रादेशिक संरचनाको खारेजी, मुलुकलाई हिन्दू राज्यको रूपमा मान्यता, सिमित दलीय व्यवस्था तथा यसका लागि उच्च प्रतिशत मत पाउनु पर्ने 'थ्रेसहोल्ड' आदि आदि। यी सवालहरू मधेसी लगायत अन्य साना दलहरू र क्षेत्रिय-जातीय पक्षधरलाई स्वीकार्य हुदैन होला। जनताले चाहेका कुरा भने यी दुबै भन्दा नितान्त फरक छ। जनताले चाहेका कुरा वा एजेण्डा भने सबै पक्षीय राजनीतिक दलहरूका लागि ग्राह्य हुनुको बिपरित पुरै अग्राह्य हुने देखिन्छ। हुन सक्छ, यदी संविधानमा संशोधन भयो भने, उप्रान्त संसदमा बहुमत पाउने दलको वा बहुमत सिद्ध गरेको पहिलो गठबन्धनको संसदको अवधिभर सत्तामा निरन्तरताको प्रत्याभूति हुने प्रावधानको संविधानमा प्रवेश गराउनु काँग्रेस-एमालेको बिचार हुन सक्छ। यस्तो अप्रष्ट अवस्थामा मधेसी वा अन्य पक्षले आफु भित्रका विद्वेषहरूलाई ढाकछोप गरेर अमूर्त समझदारीका गफ छाटनु भन्दा बेश संविधानमा प्रगतिशिल परिमार्जका लागि व्यापक दृष्टिकोणका साथ छलफल थाल्नु बढी प्रासंगिक हुनेछ।

> **नेपाली काँग्रेस र एमालेले बिद्यमान संविधानमा संशोधनको कुरा उठाएका छन्। यिनीहरुले के के र कुन कुन बिषयमा संविधानको संशोधन खोजेका हुन् अहिले सम्म बताएको छैन। एकाध मधेसी दल र माओवादीले संविधानको प्रगतिशिल परिमार्जनका लागि संशोधनमा सहमति जनाउने बुझिन्छ।**

# पत्रकारलाई धम्की दिनु गलत :मन्त्री जयसवाल

**टुडे समाचारदाता**




वीरगञ्ज । खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले आफ्ना प्रतिद्वन्दीहरुको षडयन्त्रमा पत्रकारहरु फसेको आरोप लगाएका छन् । आफ्ना प्रतिद्वन्दीको उक्साहटमा चरित्र हत्याहुने गरी समाचार प्रकाशन भएकोमा मन्त्री जयसवालले दुखेसो व्यक्त गर्दै खण्डन गर्न आग्रह गरेका छन् । आइतबार नेपाल पत्रकार महासङ्घ, पर्सामा आयोजित पत्रकार सम्मेलनमा मन्त्री प्रमोद जयसवालले यस्तो दुखेसो व्यक्त गरेका हुन् ।

मन्त्री जयसवालले राजनैतिक प्रतिद्वन्दीको रुपमा रहेको यसवन्त यादवले आफू दाजुभाइलाई पटक पटक फसाउने प्रयास गरे पनि अदालतबाट दुवै मुद्दामा सफाइ पाएको प्रमाण पत्रकार सम्मेलनमा वितरण गरेका थिए ।

उनले आफूलाई बदनाम गर्ने नियतले समाचार लेखिएको आरोप लगाउँदै समाचार प्रकाशित गर्नुअघि आफ्नो धारणा समेत नराखिएको बताए । जयसवालले आफूविरुद्ध समाचार लेख्ने पत्रकार जियालाल साहले धम्की प्राप्त गरेको र उनीमाथि सामाजिक सञ्जालमा गरिएको धम्कीपूर्ण टिप्पणीको घटनामा आफू र आफ्नो पार्टीका कार्यकर्ताहरूको संलग्नता अस्वीकार गर्दै यस्ता गतिविधिहरूको अनुसन्धान गरी दोषीमाथि कारबाही गर्नुपर्ने माग गरे । उनले समाचार लेखेकै भरमा पत्रकारलाई धाक धम्की दिनु गैर कानुनी भएको र त्यस्तोलाई कानुनी दायरामा ल्याउनु पर्ने धारणा व्यक्त गरे।

पत्रकार जियालाल साहलाई दिएको धम्की बारे ,आफ्ना शुभचिन्तकले गल्ती गरेको खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले स्विकार गर्दै उनले धैरैलाई धम्की नदिन र समाजिक संजालमा लेखिएको कुरा तत्काल सच्याउन लगाएको बताए।

# फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

राजविराज ।सप्तरी प्रहरीले आइतवार एक महिला सहित तीन जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहतका प्रहरी कार्यालयहरुबाट खटेको प्रहरी टोलीले अदालतबाट विभिन्न मुद्दामा फैसला भइ कैद तथा जरिवाना भुक्तानी बाँकी रहेका तीन जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ परेका मध्ये कीर्ते जालसाजीका २ तथा जालसाजीका १ गरी तीन घटनामा सप्तरी जिल्ला अदालतद्धारा १०/१० रुपैयाँ दरले ३० रुपैयाँ जरिवाना गरिएको सप्तरीको तिरहुत गाउँपालिका ३ की ४५ वर्षीया सयुक्ता देवी देव पनि रहेको प्रहरीले जनाएको छ। २०७३ असार १९ गते सप्तरी जिल्ला अदालतले देवलाई कीर्ते जालसाजीका २ र जालसाजीका १ गरी तीन वटा घटनामा संलग्न रहेको आरोपमा उक्त जरिवाना ठहर हुने फैसला गरेको थियो।

यस्तै कुटपिट र लुटपिट मुद्दाका सोही पालिकाको वडा २ का महेन्द्र सदा र शम्भुनाथ नगरपालिका १ का लेनदेन मुद्दाका फरार प्रतिवादी महेन्द्र सदा पनि पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी उपपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । उनीहरुबाट ६ महिना कैद र १५५ रुपैयाँ जरिवाना असुल गर्न बाँकी रहेको प्रहरीले जनाएको छ।

# कमला पुलको मर्मत पुनः सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । सिराहा र धनुषा जोड्ने कमला पुलको पूर्वपट्टि निर्माणकार्य पुनः थालिएको छ । पुलको डिजाइन र निर्माण दुबै काम गर्दै आएको ठेकेदार कम्पनी लुम्बिनी बिल्डर्सले आगामी बर्खा लाग्नुअघि काम सक्ने गरी पुनर्निर्माण थालेको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालयले जनाएको छ।

कार्यालयका सूचना अधिकारी इन्जिनियर रञ्जितकुमार रायका अनुसार बिल्डर्सलाई अन्तिमपटकका लागि आगामी असारसम्मको म्याद थप गरिएको छ।

कमला पुलको पूर्वपट्टि भासिएको दोस्रो पायाको ठाउँमा डिजाइन परिवर्तन स्वीकृत भएपछि गत आर्थिक वर्ष ०८०/८१ मा नयाँ पाया थप गरी दुईवटा पुऱ्याइएको उनले जानकारी दिए । 'त्यसमध्ये एउटाको सुपरस्ट्रक्चरको निर्माण थालनी गरिएको हो,' उनले भने। उनका अनुसार कुल १२ वटा स्पान र १३ पिल्लर रहेको पुलको पूर्वपट्टि भासिएको पायाको डिजाइन परिवर्तनपछि तीनवटा पिल्लरको सट्टा एउटै पिल्लर बनाएर १२ वटा फलामको बिममा दुईवटा स्ल्याब राखिनेछ।

सो नदीमा ४६९.२ मिटर लामो पुल बनाउन ३१ जेठ ०६८ मा भएको सम्झौताअनुसार ३० मंसिर ०७१ सम्म निर्माण सम्पन्न गर्ने म्याद पटक-पटक थप हुँदै अन्तिमपटक भएको सम्झौताअनुसार ३० असार ०८० तोकिएको थियो। मूल्य अभिवृद्ध कर (भ्याट)सहित कुल २४ करोड ९० लाख ९७ हजार दुई सय रुपैयाँमा ठेक्का लिएको पप्पु लुम्बिनी जेभीले साढे तीन वर्षमा निर्माण गर्नुपर्ने पुल अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनीले गर्दै आएको थियो।

नदी नियन्त्रण र पहुँच मार्गबाहेक पुलको अन्तिम चरणको निर्माण चलिरहेका बेला १७ असार ०७८ मा कमलामा आएको बाढीले पुलको सिराहातर्फको दोस्रो पाया र त्यही वर्षको ३ कात्तिकमा धनुषातर्फबाट तेस्रो पायासमेत भासिएको थियो। बाढीले भासिएको धनुषातर्फबाट तेस्रो पायाको डिजाइन पनि विभागको पुल महाशाखाबाट स्वीकृत भएर आइसकेकाले निर्माण कम्पनीले त्यो कामसमेत आगामी माघदेखि थालनी गर्ने जनाएको छ।

१५ फागुन ०७९ मा तत्कालीन उपप्रधानमन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ 'प्रकाश'ले कमला पुलको स्थलगत निरीक्षण गरेको करिब दुई महिनापछि २४ वैशाखमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुर र बिल्डर्सबिच ०८१ असार मसान्तसम्म भासिएको पुलको पुनः निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो। पुलमा बाढीले पुऱ्याएको क्षतिबापत् बीमा कम्पनीबाट पाउनुपर्ने आठ करोड रकम नपाएपछिको विवाद काठमाडौं जिल्ला अदालतमा विचाराधीन रहेकाले समयमा पुनः निर्माणको काम गर्न नसकिएको निर्माण कम्पनीको भनाइ छ।

पुल निर्माण सुस्त हुँदा आवतजावतमा कठिनाइ भएपछि सिराहा नगरपालिकाले बाँसको अस्थायी पुल निर्माण गरी गत १७ कात्तिकदेखि सञ्चालनमा ल्याएको छ।

१३ वर्षसम्म पनि निर्माण नभएपछि नयाँ कमला पुल निर्माण संघर्ष समितिसम्बद्ध सिराहा र धनुषाका १० जना युवाहरू ४ भदौदेखि मुख्यमन्त्री कार्यालयअगाडि आमरण अनशन गरेका थिए। अनशनको चार दिनपछि ७ भदौमा प्रदेश सरकारले नयाँ पुल निर्माणका लागि आगामी आर्थिक वर्ष ०८२/८३ मा बजेट विनियोजन गर्नेसहित चालु आर्थिक वर्षको मंसिरभित्र पुलको डिपिआर बनाउने सहमति भए पनि नयाँ पुलको डिपिआरको विषयमा जानकारी नरहेको सूचना अधिकारी रायले बताए।

सहमतिअनुसार नयाँ पुलका लागि आव ०८२/८३ मा संघीय सरकारबाट बजेटका लागि पहल गर्ने, संघीय सरकारबाट सम्भव नभए त्यसका लागि मधेश प्रदेश सरकारको स्रोतबाट बजेट व्यवस्थापन गर्ने उल्लेख थियो।

# संवाद र सहकार्यका लागि लोसपाद्वारा समिति गठन



**टुडे समाचारदाता**

वीरगञ्ज। लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले मधेस केन्द्रित राजनीतिक दलहरूसँग सहकार्य गर्न ५ सदस्यीय समिति गठन गरेको छ। लोसपाले संवाद, सहकार्य, कार्यगत एकता र पार्टी एकीकरणका लागि पार्टीका वरिष्ठ उपाध्यक्ष जितेन्द्र सोनलको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको छ। लोसपाका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले जारी गरेको प्रेस विज्ञप्तिमा लोसपाका मधेश प्रदेश अध्यक्ष तथा मधेश प्रदेशका पूर्वमन्त्रीसमेत रहेका सोनलसहित वरिष्ठ उपाध्यक्ष उमाकान्त झा, उपाध्यक्ष रामप्रकाश चौधरी, महासचिवद्वय सुरेन्द्र कुमार झा र मनिष कुमार मिश्र रहेको समिति गठन गरेको उल्लेख छ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संसथागत गर्दै थप राजनीतिक अधिकार प्राप्तिका लागि संघर्षशील राजनीतिक शक्तिहरुबीच संवाद, सहकार्य र कार्यगत एकता आजको आवश्यकता भएको भन्दै लोसपाले मधेश केन्द्रित राजनीतिक दलहरूसँग कार्यगत एकतादेखि विचार मिल्ने पार्टी एकीकरणसम्मको सम्भावनाको खोजी तथा परिणाममुखी बनाउनका लागि समिति गठन गरिएको जनाएको छ।

# चिसो बढेपछि दाउराको माग बढ्यो



**टुडे समाचारदाता**

गौर । शीतलहरसँगै बढेको अत्यधिक चिसोबाट बच्नका लागि आगो ताप्न दाउराको व्यवस्था नहुनाले सर्वसाधारणलाई समस्या भएको छ।

बढ्दो चिसोबाट नगरवासीलाई राहत दिलाउने उद्देश्यले स्थानीय निकाय लगायत सम्बन्धित निकायले दाउराको व्यवस्था नहुनाले सर्वसाधारणले समस्या खेप्न बाध्य छ।

आगो ताप्न दाउराको व्यवस्था नहुनाले नगरक्षेत्रभित्र रहेका पसलेहरूले कार्टुन बालेर जसोतसो आगो बालेर ताप्नुपरेको बाध्यता रहेको स्थानयीवासीहरूले बताए।

बजरिया क्षेत्रमा आगो ताप्न दाउराको व्यवस्था मिलाइदिन स्थानीय निकायहरूले पहल गर्नुपर्ने समाजसेवी आत्माराम ठाकुरको भनाइ छ। दिनानुदिन बढ्दै गएको जाडोबाट राहत दिलाउन नगरपालिकाले नगरको विभिन्न ठाउँमा आगो बाल्न दाउराको व्यवस्था गर्नुपर्ने तथा जिल्लाको प्रत्येक स्थानीय निकाय लगायत सम्बन्धित निकायले सर्वसाधारणलाई दाउराको व्यवस्था गरे राहत हुने स्थानीय पनिलाल महतोले बताए।

दिनानुदिन बढ्दै गएको जाडोबाट बच्नका लागि उनी कपडा, ज्याकेट, स्वीटर, जुत्ता, कम्बललगायतका सामान बिक्री गर्ने पसलहरूमा नेपाली तथा सीमावर्ती भारतीय क्षेत्रका ग्राहकहरूको भिड बढेको व्यवसायीहरूले बताए।

## ठगी धन्दा चलाएको आरोपमा हनुमानी पक्राउ

**टुडे समाचारदाता**

राजविराज। पैसा दोब्बर पारिदिने भन्दै रकम लिएर ठगी गरेको आरोपमा सप्तरी प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा तिलाठी कोइलाडी गाउँपालिका ६ का हनुमानी भनिने ४२ वर्षीय राम बहादुर रजक छन्।

उनीमाथि गाउँ र आसपासका दर्जनौ सोझासाझा व्यक्तिसँग रकम दोब्बर पारिदिने भन्दै रकम लिएर ठगी गरेको आरोप छ। लामो समयदेखि जिल्लामा रकम दोब्बर पारिदिने भन्दै रजकले ठगी गरिरहेको गुनासो आउन थालेपनि पीडित पक्षबाट प्रहरीमा उजुरी आएको थिएन।

पछिल्लो पटक पीडितले जिल्ला प्रहरी कार्यालयमा उनीसहित केही व्यक्ति विरुद्ध किटानी जाहेरी नै दिएका थिए। त्यसपछि ठगी मुद्दामा सप्तरी जिल्ला अदालतबाट पक्राउ अनुमति लिइ उनलाई गाउँबाटै नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ।

यद्यपि सोमवार अदालतमा म्याद थप पश्चात पत्रकार सम्मेलन मार्फत सोबारे विस्तृत जानकारी गराउने सप्तरी प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८